*(सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ५ (३) बमोजिम तयार गरी प्रकाशन गरिएको)*

*आर्थिक वर्ष २०७९/८० को*

# चौथो त्रैमासिक प्रतिवेदन

## (२०८० वैशाख-असार)



*(सूचनाको अधिकार: लोकतन्त्रको आधार)*

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

सिंहदरबार, काठमाण्डौं

# विषय सूची

| सि.नं | विवरण | पेज नं. |
|---|---|---|
| १. | कार्यालयको स्वरूप र प्रकृति | १ |
| २. | कार्यालयको काम, कर्तव्य र अधिकार | २ |
| ३. | कार्यालयमा रहने कर्मचारीको विवरण | ४ |
| ४. | कार्यालय अन्तर्गतका महाशाखा, शाखा र जिम्मेवार पदाधिकारी | ७ |
| ५. | सम्पादन गरेका कामको विवरण | ११ |
| ६. | प्रवक्ता र सूचना अधिकारीको विवरण | २९ |
| ७. | ऐन, नियम, विनियम वा निर्देशिकाको सूची | ३१ |
| ८. | आम्दानी, खर्च तथा आर्थिक कारोबारसम्बन्धी अद्यावधिक विवरण | ३३ |
| ९. | कार्यालयको वेबसाइट | ३३ |
| १०. | कार्यालयमा परेको सूचना मागसम्बन्धी निवेदन र सूचना दिइएको विषय | ३४ |

## १. कार्यालयको स्वरूप र प्रकृति

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय मुलुकको शासन व्यवस्था सञ्चालन र शासकीय प्रबन्धमा महत्त्वपूर्ण भूमिका निर्वाह गर्ने तथा राष्ट्रको समग्र नीति निर्माण एवं व्यवस्थापनको समन्वय गर्ने निकाय हो । शासकीय प्रबन्धलाई जनमुखी, जवाफदेही, जनउत्तरदायी र नतिजामुखी बनाउन सो अनुकूलको निर्णय लिने, निर्देशन दिने र समन्वय एवं नियन्त्रण गर्ने निकायको रूपमा यसले कार्य गर्दै आएको छ । मुलुकको सार्वजनिक प्रशासनमा नेतृत्वदायी भूमिका निर्वाह गर्दै आइरहेको यस कार्यालय सुशासन र नागरिक-मैत्री प्रशासनलाई सुसंस्थागत गर्न निरन्तर क्रियाशील रहँदै आएको छ।

नेपाल सरकार (मन्त्रिपरिषद्) लाई राज्य व्यवस्था सञ्चालनका क्रममा विभिन्न नीतिगत तथा प्रशासनिक विषयमा निर्णय गर्न सहयोग पुऱ्याउनेदेखि नेपाल सरकारबाट भएका निर्णयहरूको अभिलेख राख्ने, मन्त्रिपरिषद्बाट भएका निर्णयहरूलाई कार्यान्वयनमा उतार्न सम्बन्धित मन्त्रालयहरूमा लेखी पठाउने तथा निर्णय कार्यान्वयनको अनुगमन गर्नेसम्मका महत्त्वपूर्ण जिम्मेवारी यस कार्यालयले निर्वाह गर्दै आएको छ। यसैगरी नेपाल सरकार (मन्त्रिपरिषद्) लाई दैनिक प्रशासनिक कार्य सम्पादनमा आवश्यक सहयोग उपलब्ध गराउने कार्य पनि यस कार्यालयबाट हुँदै आएको छ। नेपाल सरकारका सबै मन्त्रालयहरूबाट सम्पादन हुने कार्यको रेखदेख, नियन्त्रण, निरीक्षण, समन्वय, अनुगमन तथा मूल्याङ्कनसम्बन्धी कार्यहरू पनि यस कार्यालयको कार्यक्षेत्रभित्र पर्दछन्। साथै, संघ, प्रदेश र स्थानीय तहहरूबीचको समन्वय र सहजीकरणको कार्य पनि यस कार्यालयको जिम्मेवारी अन्तर्गत रहेको छ। नेपाल सरकार (कार्य विभाजन) नियमावली, २०७४ अनुसार यस कार्यालयलाई ४८ वटा विभिन्न कार्य जिम्मेवारी तोकिएका छन् । यसका साथै सुशासन (व्यवस्थापन तथा सञ्चालन) ऐन, २०६४ र सुशासन (व्यवस्थापन तथा सञ्चालन) नियमावली, २०६५ ले प्रदान गरेका जिम्मेवारी समेत प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले निर्वाह गर्दै आएको छ ।

नेपाल सरकार (मन्त्रिपरिषद्) का कामकारबाहीलाई सुव्यवस्थित र प्रभावकारी बनाउन देहायअनुसारका ५ वटा मन्त्रिपरिषद् समितिहरूको व्यवस्था छः-

१) राजनीतिक समिति

२) प्रशासन समिति

३) सामाजिक समिति

४) आर्थिक तथा पूर्वाधार समिति

५) विधेयक समिति

यी समितिहरूको अध्यक्षता सम्बन्धित विभागीय मन्त्रीबाट हुने र प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयका सम्बन्धित क्षेत्र हेर्ने सचिवले समितिको सचिवका रूपमा कार्य गर्ने व्यवस्था छ ।

## २. कार्यालयको काम, कर्तव्य र अधिकार

नेपाल सरकार (कार्यविभाजन) नियमावली, २०७४ अनुसार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको कार्यविवरण यसप्रकार रहेको छः

१. मन्त्रिपरिषद्सम्बन्धी;

२. नेपाल सरकारको कार्य विभाजन र कार्यसम्पादन नियमावली तर्जुमा तथा कार्यान्वयन;

३. नेपालको शासन व्यवस्थाको सामान्य निर्देशन, नियन्त्रण र सञ्चालन;

४. नेपाल सरकार, मन्त्रिपरिषद्का निर्णयको कार्यान्वयन र अनुगमन;

५. नेपाल सरकार, मन्त्रालयको कार्यको रेखदेख, निरीक्षण, नियन्त्रण र समन्वय;

६. नेपाल सरकारको अल्पकालीन र दीर्घकालीन नीति, आवधिक योजना र रणनीतिको तर्जुमा; स्वीकृति, कार्यान्वयन, अनुगमन र मूल्याङ्कन;

७. प्रचलित कानूनबमोजिम प्रमाणीकरण गर्नुपर्ने लिखत;

८. संघीय विधेयक, अध्यादेश, नियम, आदेश, निर्देशिका र कार्यविधिसम्बन्धी;

९. मुलुकको राजनीतिक, आर्थिक, सामाजिक अवस्था, पूर्वाधार, राष्ट्रिय सुरक्षा, शान्ति सुव्यवस्था, कूटनीतिक गतिविधि, प्रशासनिक गतिविधिहरूको अद्यावधिक जानकारी प्राप्ति, निर्देशन र समन्वय;

१०. शासकीय प्रबन्ध, सुशासन प्रवर्धन र प्रशासनिक सुधार;

११. द्विपक्षीय तथा बहुपक्षीय सन्धि, सम्झौता, समझदारी र सहमति कार्यान्वयनको अनुगमन;

१२. संघीय शासन प्रणाली र अन्तरप्रदेशसम्बन्धी कार्य;

१३. प्रधानमन्त्रीको सम्पर्क र सञ्चार;

१४. प्रधानमन्त्रीको निर्देशन कार्यान्वयन;

१५. मानव अधिकारको संरक्षण, प्रवर्धन, समन्वय र प्रतिवेदन;

१६. भ्रष्टाचारविरुद्धको नीति, योजना तथा कार्यान्वयन;

१७. राष्ट्रपति र उपराष्ट्रपतिको कार्यालयसम्बन्धी;

१८. संवैधानिक परिषद्;

१९. संघीय संसद्को अधिवेशन आह्वान र अन्त्य;

२०. प्रदेश प्रमुखसम्बन्धी;

२१. परराष्ट्र तथा सुरक्षा मामिला;

२२. अख्तियार दुरुपयोग अनुसन्धान आयोग,

२३. लोक सेवा आयोग;

२४. राष्ट्रिय मानव अधिकार आयोग;

२५. महान्यायाधिवक्ताको कार्यालय र सरकारी वकिलको सम्पर्क निकाय;

२६. राष्ट्रिय योजना आयोग;

२७. राष्ट्रिय पुनर्निर्माण प्राधिकरण;

२८. लगानी बोर्ड;

२९. राष्ट्रिय सतर्कता केन्द्र;

३०. सार्वजनिक खरिद अनुगमन कार्यालय;

३१. नेपाल ट्रष्टको कार्यालय;

३२. गरिबी निवारण कोष;

३३. राष्ट्रिय अनुसन्धान विभाग;

३४. सम्पत्ति शुद्धीकरण अनुसन्धान विभाग;

३५. राजस्व अनुसन्धान विभाग;

३६. विषय विज्ञ समूह;

३७. राष्ट्रिय तथा अन्तर प्रदेशस्तरीय विकास आयोजनाहरूको नतिजा व्यवस्थापन;

३८. प्रदेशका पदाधिकारी तथा कर्मचारीको वैदेशिक भ्रमणसम्बन्धी नीति, कानून र मापदण्ड;

३९. गैरसरकारी संस्थाको नियमनसम्बन्धी मापदण्ड;

४०. भ्रष्टाचार निगरानी, नेपाल ट्रष्ट, राजस्व अनुसन्धान, सम्पत्ति शुद्धीकरण, लगानी बोर्ड, गरिबी निवारण कोष, सार्वजनिक खरिद र राष्ट्रिय पुनर्निर्माणसम्बन्धी निकायहरू र सोसम्बन्धी नीति, कानून र मापदण्ड;

४१. विपद् व्यवस्थापनसम्बन्धी समन्वय;

४२. प्रधानमन्त्री केन्द्रीय विपद् सहायता कोष सञ्चालन;

४३. अदालतको फैसला कार्यान्वयन तथा अनुगमन;

४४. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसँग सम्बन्धित राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संस्थासँग सन्धि, सम्झौता, सम्पर्क र समन्वय;

४५. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसँग सम्बन्धित सार्वजनिक संस्थान, प्राधिकरण, समिति, प्रतिष्ठान आदिको सञ्चालन र नियमन;

४६. नेपाल न्याय सेवाको सरकारी वकिल समूहको सञ्चालन;

४७. प्रधानमन्त्री र मन्त्रिपरिषद्सम्बन्धी अन्य कार्यहरू;

४८. अवशिष्ट अधिकार प्रयोग ।

## ३. कार्यालयमा रहने कर्मचारी विवरण

### संगठन संरचना

कार्यालयको वर्तमान सांगठनिक संरचना अनुसार यस कार्यालयमा हाल ११ वटा महाशाखा र २७ वटा शाखाहरू रहेका छन् । यस कार्यालयमा २३५ जनाको स्वीकृत स्थायी दरबन्दी र ४५ करार दरबन्दी रहेको छ। यस कार्यालयका प्रमुख पदाधिकारीको रूपमा नेपाल सरकारका मुख्यसचिव (रा.प.विशिष्ट श्रेणी) रहने व्यवस्था छ । मुख्यसचिव मातहत विभिन्न क्षेत्र हेर्ने सचिव (रा.प.विशिष्ट श्रेणी) र उहाँहरू अन्तर्गत विभिन्न ११ वटा महाशाखामा हेर्ने गरी सहसचिवहरू (रा.प.प्रथम श्रेणी) को दरबन्दी रहेको छ। प्रत्येक शाखाको कार्य सम्पादनका लागि उपसचिवको मातहतमा शाखाको कार्य बोझअनुसार शाखा अधिकृतदेखि कार्यालय सहयोगीसम्मका कर्मचारीको दरबन्दी रहेको छ । यस कार्यालयको दरबन्दी विवरण र संगठन संरचना यस प्रकार रहेको छ।

**स्थायी कर्मचारीहरूको दरबन्दी तेरिज**


| सि.न. | पद | श्रेणी/तह | सेवा/क्लस्टर | समूह | उपसमूह | पद संख्या |
|---|---|---|---|---|---|---|
| १ | मुख्यसचिव | रा.प. विशिष्ट | – | – | – | १ |
| २ | सचिव | रा.प. विशिष्ट | प्रशासन | – | – | ४ |
| ३ | सचिव | रा.प. विशिष्ट | न्याय | – | – | १ |
| ४ | सचिव | रा.प. विशिष्ट | इन्जिनियरिङ्ग | - | - | १ |
| ५ | सचिव | रा.प. विशिष्ट | विशेष दरबन्दी | - | - | १ |
| ६ | सह-सचिव | रा.प. प्रथम | प्रशासन | – | – | ९ |
| ७ | सह-सचिव | रा.प. प्रथम | न्याय | कानून | – | २ |
| ८ | उप-सचिव | रा.प. द्वितीय | प्रशासन | सा.प्र. | – | २३ |
| ९ | उप-सचिव | रा.प. द्वितीय | न्याय | कानून | – | ४ |
| १० | उप-सचिव | रा.प. द्वितीय | प्रशासन | लेखा | – | १ |
| ११ | उप-सचिव | रा.प. द्वितीय | आर्थिक योजना तथा तथ्याङ्क | तथ्याङ्क | | १ |
| १२ | उप-सचिव (सूचना प्रविधि) | रा.प. द्वितीय | विविध | – | – | १ |
| १३ | शाखा अधिकृत | रा.प. तृतीय | प्रशासन | सा.प्र. | – | ४२ |
| १४ | शाखा अधिकृत | रा.प. तृतीय | परराष्ट्र | परराष्ट्र | | १ |
| १५ | शाखा अधिकृत | रा.प. तृतीय | न्याय | कानून | – | ४ |
| १६ | लेखा अधिकृत | रा.प. तृतीय | प्रशासन | लेखा | – | २ |
| १७ | कम्प्युटर अधिकृत | रा.प. तृतीय | विविध | – | – | ३ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| १८ | कम्प्युटर इन्जिनियर | रा.प. तृतीय | विविध | – | – | १ |
| १९ | तथ्याङ्क अधिकृत | रा.प. तृतीय | आर्थिक योजना तथा तथ्याङ्क | तथ्याङ्क | – | १ |
| २० | पुस्तकालय अधिकृत | रा.प. तृतीय | शिक्षा | लाइब्रेरी साइन्स | | १ |
| २१ | छविकला अधिकृत | रा.प. तृतीय | शिक्षा | | | १ |
| २२ | नायव सुब्बा | रा.प.अनं.प्रथम | प्रशासन | सा.प्र. | – | २० |
| २३ | लेखापाल | रा.प.अनं.प्रथम | प्रशासन | लेखा | – | १ |
| २४ | कम्प्युटर अपरेटर | रा.प.अनं.प्रथम (प्रा.) | विविध | – | – | ३४ |
| २५ | पुस्तकालय सहायक | रा.प.अनं.प्रथम (प्रा.) | शिक्षा | लाइब्रेरी साइन्स | | १ |
| २६ | मेकानिकल सुपरभाइजर | रा.प.अनं.प्रथम (प्रा.) | ई. | मे.ई | – | १ |
| २७ | खरिदार | रा.प.अनं.द्वितीय | प्रशासन | सा.प्र. | | ५ |
| २८ | सिनियर मिस्त्री | रा.प.अनं. द्वितीय | ई. | मे.ई | – | १ |
| २९ | इलेक्ट्रिसियन | रा.प.अनं. द्वितीय | ई. | | | १ |
| ३० | हे.टे.ब्वाई | रा.प.अनं. द्वितीय | विविध | – | – | ३ |
| ३१ | प्लम्बर | रा.प.अनं. द्वितीय | ई. | | | १ |
| ३२ | हेभी सवारी चालक | श्रेणी विहीन | ई. | – | – | १ |
| ३३ | ह.स.चा. | श्रेणी विहीन | ई. | – | – | १८ |
| ३४ | का.स. | श्रेणी विहीन | प्रशासन | सा.प्र. | – | ३३ |
| ३५ | का.स.(बगैंचा) | श्रेणी विहीन | प्रशासन | सा.प्र. | – | १ |
| ३६ | का.स.(सरसफाइ) | श्रेणी विहीन | प्रशासन | सा.प्र. | – | ७ |
| ३७ | का.स.(मेसेन्जर) | श्रेणी विहीन | प्रशासन | सा.प्र. | – | २ |
| | **जम्मा** | | | | | **२३५** |

## सेवा करारबाट पूर्ति भएका पद संख्या

| सि. न. | पदको नाम | श्रेणी/तह | सेवा | समूह | पदपूर्तिको अवस्था |
|---|---|---|---|---|---|
| १ | कम्प्युटर अपरेटर | रा.प.अनं.प्रथम | विविध | | ८ |
| २ | हे.टे. ब्वाई | रा.प.अनं.द्वितीय | विविध | | ३ |
| ३ | हेभी सवारी चालक | श्रेणी विहीन | | | १ |
| ४ | ह.स.चा. | श्रेणी विहीन | ई. | – | १८ |
| ५ | का.स. | श्रेणी विहीन | प्रशासन | सा.प्र. | ४१ |
| | **जम्मा** | | | | **७१** |

# प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको संगठन संरचना



## ४. कार्यालयअन्तर्गतका महाशाखा, शाखा र हाल कार्यरत पदाधिकारीहरू

| **मुख्यसचिव डा. बैकुण्ठ अर्याल** | |
|---|---|
| **महाशाखा/शाखाको नाम** | **जिम्मेवार पदाधिकारी** |
| १. प्रधानमन्त्रीको निजी सचिवालय | सहसचिव श्री अर्जुन भण्डारी |
| २. मुख्यसचिवको सचिवालय | उपसचिव श्री गोकुल बस्नेत |
| **३. मन्त्रिपरिषद् बैठक तथा संवैधानिक निकाय महाशाखा** | **सहसचिव श्री हीरामणि शर्मा** |
| (क) मन्त्रिपरिषद् बैठक शाखा (केन्द्रीय) | उपसचिव श्री विष्णुप्रसाद घिमिरे |
| (ख) मन्त्रिपरिषद् समिति तथा संवैधानिक निकाय शाखा | उपसचिव श्री प्रदिप श्रेष्ठ |
| (ग) मन्त्रिपरिषद् निर्णय कार्यान्वयन अनुगमन शाखा | उपसचिव श्री मञ्जु शर्मा सुवेदी |
| **आर्थिक तथा पूर्वाधार विकास** | **सचिव श्री एकनारायण अर्याल** |
| **१. लगानी, उत्पादन तथा रोजगार प्रवर्द्धन महाशाखा** | **सहसचिव श्री खोमराज कोइराला** |
| (क) कृषि, वन तथा वातावरण शाखा | उपसचिव श्री उमेश राज रिमाल |
| (ख) अर्थ, उद्योग, वाणिज्य तथा पर्यटन शाखा | उपसचिव श्री यज्ञ पुरी |
| **२. पूर्वाधार विकास महाशाखा** | **सहसचिव श्री बुद्ध बहादुर गुरुङ्ग** |
| (क) भौतिक पूर्वाधार, जलस्रोत तथा ऊर्जा शाखा | उपसचिव श्री राम प्रसाद सापकोटा |
| (ख) खानेपानी, सहरी विकास तथा सञ्चार- शाखा | उपसचिव श्री प्रमिला आचार्य |
| **प्रशासन तथा नतिजा व्यवस्थापन क्षेत्र** | **सचिव श्री गणेश प्रसाद पाण्डेय** |
| **१. प्रशासन महाशाखा** | **सहसचिव श्री नारायणप्रसाद भट्ट** |
| (क) प्रशासन शाखा | उपसचिव श्री शिवहरि पोखरेल |
| (ख) आर्थिक प्रशासन शाखा | उपसचिव श्री सूर्य बहादुर भण्डारी |
| (ग) प्रधानमन्त्री सचिवालय व्यवस्थापन शाखा (बालुवाटार) | उपसचिव |
| **२. नतिजा व्यवस्थापन महाशाखा** | **सहसचिव श्री शिवादेवी दाहाल** |
| (क) तत्काल समस्या समाधान केन्द्र | उपसचिव श्री सन्तोषप्रसाद दाहाल |
| (ख) नतिजा व्यवस्थापन तथा विश्लेषण शाखा | उपसचिव श्री ज्ञानहरि घिमिरे |
| (ग) तथ्याङ्क शाखा | उपसचिव |
| (घ) सूचना प्रविधि शाखा | सूचना प्रविधि निर्देशक श्री मनिष भट्टराई |
| **राष्ट्रिय सुरक्षा तथा सुशासन क्षेत्र** | **सचिव डा. गोपी खनाल** |

| | |
|---|---|
| **१. राष्ट्रिय सुरक्षा तथा कूटनीतिक समन्वय महाशाखा** | **सहसचिव श्री मनोज कुमार आचार्य** |
| (क) सूचना समन्वय शाखा | उपसचिव श्री भविश्वर पाण्डे |
| (ख) सूचना सञ्चार तथा वैदेशिक समन्वय शाखा | उपसचिव श्री कविता फुँयाल |
| **२. शासकीय सुधार महाशाखा** | **सहसचिव श्री प्रद्युम्न प्रसाद उपाध्याय** |
| (क) सुशासन प्रवर्द्धन तथा भ्रष्टाचार निगरानी शाखा | उपसचिव श्री विष्णु प्रसाद सुवेदी |
| (ख) सम्पत्ति शुद्धिकरण तथा राजस्व अनुसन्धान शाखा | उपसचिव श्री सुभाष न्यौपाने |
| (ग) हेलो सरकार शाखा | उपसचिव श्री छविलाल पाण्डे<br>उपसचिव श्री गीता घिमिरे |
| **सामाजिक विकास तथा प्रादेशिक समन्वय** | **सचिव श्री विनोद प्रकाश सिंह** |
| **१. सामाजिक विकास तथा रूपान्तरण महाशाखा** | **सहसचिव श्री संगीता ओझा** |
| (क) महिला, बालबालिका, जेष्ठ नागरिक, श्रम तथा सामाजिक सुरक्षा शाखा | उपसचिव श्री शालिकराम दाहाल |
| (ख) शिक्षा, स्वास्थ्य, युवा तथा खेलकुद शाखा | उपसचिव श्री राजमणि दाहाल |
| **२. प्रादेशिक समन्वय तथा योजना महाशाखा** | **सहसचिव श्री रेखा दास** |
| (क) प्रादेशिक समन्वय शाखा | उपसचिव श्री चक्रपाणि शर्मा |
| (ख) योजना, अनुगमन तथा विपद् समन्वय शाखा | उपसचिव श्री सिर्जना शर्मा |
| **कानून तथा मानव अधिकार** | **सचिव श्री उदयराज सापकोटा** |
| **१. कानून तथा फैसला कार्यान्वयन महाशाखा** | **सहसचिव श्री दल बहादुर अधिकारी** |
| (क) कानून शाखा | उपसचिव श्री ओम प्रकाश बराल |
| (ख) फैसला कार्यान्वयन शाखा | उपसचिव श्री मनिराम ज्ञवाली |
| **२. मानवअधिकार तथा अन्तर्राष्ट्रिय सन्धि सम्झौता महाशाखा** | **सहसचिव श्री अरुणा जोशी** |
| (क) मानव अधिकार शाखा | उपसचिव श्री राजेन्द्र न्यौपाने |
| (ख) अन्तर्राष्ट्रिय कानून र सन्धि सम्झौता शाखा | उपसचिव श्री राजुप्रसाद गुरागाई |
| **इन्जिनियरिङ्ग क्लष्टर** | **सचिव श्री मणिराम गेलाल**<br>**सहसचिव श्री लोकनाथ पौड्याल** |
| विशेष पद* | **सचिव श्री खगेन्द्रप्रसाद नेपाल** |

**नोट: मिति २०७८/०९/१४ गतेको मन्त्रिपरिषद्को निर्णयानुसार नेपाल प्रशासन सेवा, समूहीकरणतर्फको रा.प. विशिष्ट श्रेणीको सचिव -१ विशेष पदको दरबन्दी सिर्जना भएको ।*

## यस अवधिमा अनिवार्य अवकास तथा राजीनामाबाट सेवा निवृत्त कर्मचारीहरू

| सि.नं. | कर्मचारीको नाम | पद |
|---|---|---|
| १. | श्री शंकरदास बैरागी | मुख्य सचिव |
| २. | श्री यादवप्रसाद कोइराला | सचिव |
| ३. | श्री रुक्माङ्गद पौडेल | कम्प्युटर अधिकृत |
| ४. | श्री बुद्धिबहादुर तामाङ्ग | कार्यालय सहयोगी |

## यस अवधिमा कार्यालय वा अन्तर्गत बढुवा, सरुवा तथा पदस्थापन भै आउनुभएका कर्मचारीहरू

| सि.नं | कर्मचारीको नाम | पद |
|---|---|---|
| १. | डा. बैकुण्ठ अर्याल | मुख्यसचिव |
| २. | श्री एकनारायण अर्याल | सचिव |
| ३. | श्री मणिराम गेलाल | सचिव |
| ४. | श्री नारायण प्रसाद सापकोटा | सहसचिव |
| ५. | श्री दल बहादुर अधिकारी | सहसचिव (कानून) |
| ६. | श्री शिवहरि पोखरेल | उपसचिव |
| ७. | श्री रेखा पाण्डे (के.सी.) | उपसचिव |
| ८. | श्री राजुप्रसाद गुरागाई | उपसचिव (कानून) |
| ९. | श्री ओमप्रकाश बराल | उपसचिव (कानून) |
| १०. | श्री जनकराज पन्थी | शाखा अधिकृत |
| ११. | श्री नारायणप्रसाद गौतम | शाखा अधिकृत |
| १२. | श्री नारायण पौडेल | शाखा अधिकृत |
| १३. | श्री तीर्थराज कट्टेल | शाखा अधिकृत |
| १४. | श्री विपिन दुवाडी | शाखा अधिकृत (परराष्ट्र) |
| १५. | श्री केदारमणि भण्डारी | कम्प्युटर इन्जिनियर |
| १६. | श्री तीर्थराज निरौला | कम्प्युटर अधिकृत |
| १७. | श्री दीपेन्द्र रौनियार | कम्प्युटर इन्जिनियर |
| १८. | श्री रुपेश कुमार निधी | कम्प्युटर इन्जिनियर |
| १९. | श्री भगवती शर्मा | नायब सुब्बा |

| | | |
|---|---|---|
| २०. | श्री अन्जु श्रेष्ठ | नायब सुब्बा |
| २१. | श्री सृजना रायमाझी पोखरेल | नायब सुब्बा |
| २१. | श्री विनोद कुमार मण्डल | नायब सुब्बा |
| २२. | श्री अञ्जु भट्टराई | नायब सुब्बा |
| २१. | श्री अमर अधिकारी | कम्प्युटर अपरेटर |
| २१. | श्री नारायण भट्टराई | खरिदार |

**यस कार्यालयबाट सरुवा तथा पदस्थापन भई अरू निकायमा जानुभएका कर्मचारीहरूको विवरण**

| सि.नं | कर्मचारीको नाम | पद |
|---|---|---|
| १. | श्री दिनेश भट्टराई | सचिव |
| २. | श्री सुमनराज अर्याल | सचिव |
| ३. | श्री अर्जुन प्रसाद पोखरेल | सचिव |
| ४. | श्री राम आधार साह | सचिव |
| ५. | श्री नवराज ढुङ्गाना | सहसचिव |
| ६. | श्री टीकाराम पाण्डे | सहसचिव (कानून) |
| ७. | श्री उमाकान्त अधिकारी | उपसचिव |
| ८. | श्री प्रेम प्रसाद देवकोटा | उपसचिव |
| ९. | श्री कुल बहादुर जी.सी. | उपसचिव |
| १०. | श्री सागर अधिकारी | शाखा अधिकृत |
| ११. | श्री कमलराज उपाध्याय | शाखा अधिकृत |
| १२. | श्री वन्दना कुमारी | शाखा अधिकृत |
| १३. | श्री बलिराम प्रसाद धामी | शाखा अधिकृत (परराष्ट्र) |
| १४. | श्री ऋषिराज चौधरी | नायब सुब्बा (बढुवा) |
| १५. | श्री मुक्त नारायण श्रेष्ठ | कम्प्युटर अपरेटर |

## ५. सम्पादन गरेका मुख्य-मुख्य कामको विवरण (सारांश)

यस कार्यालयका विभिन्न महाशाखा तथा शाखाहरूबाट आर्थिक वर्ष २०७९/८० को चौथो त्रैमासिक (२०७९ वैशाख-असारमसान्त) अवधिमा सम्पादित मुख्य-मुख्य कार्यहरूः

- *सम्माननीय राष्ट्रपतिज्यूबाट मिति २०८० जेठ ५ गते संघीय संसद्को दुबै सदनको संयुक्त बैठकमा आर्थिक वर्ष २०८०/८१ को नेपाल सरकारको नीति तथा कार्यक्रम प्रस्तुत भएको ।*
- *सम्माननीय प्रधानमन्त्रीज्यूको अध्यक्षतामा मिति २०८०/०३/१६ गते पोखरामा सबै प्रदेशका मुख्यमन्त्रीसहितका विशिष्ट पदाधिकारीहरूको उपस्थितिमा राष्ट्रिय समन्वय परिषद्को पहिलो बैठक आयोजना भई अन्तर-तह समन्वय सुदृढीकरण र सङ्घीयताको प्रभावकारी कार्यान्वयनसम्बन्धी विषयमा विभिन्न निर्णयहरू भएका ।*
- *सम्माननीय प्रधानमन्त्रीज्यूबाट मिति २०८०/०२/१७ देखि २० गतेसम्म भारतको औपचारिक भ्रमण सम्पन्न भई द्विपक्षीय हितका विभिन्न विषयमा छलफल हुनुका साथै दुई देशबीच विभिन्न विषयमा सम्झौता तथा समझदारी-पत्रमा हस्ताक्षर भएको ।*
- *सम्माननीय प्रधानमन्त्रीज्यूले प्रमुख अतिथिको हैसियतमा विभिन्न सार्वजनिक कार्यक्रमहरूमा सहभागी भई मन्तव्य/सम्बोधन राख्नु भएको । साथै, विभिन्न स्मारिका तथा प्रकाशनको लागि शुभकामना मन्तव्य प्रदान गर्नुभएको ।*
- *आ.व. २०७९/८० को चौथो त्रैमासिक अवधिमा नेपाल सरकार, मन्त्रिपरिषद्का २१ वटा बैठक बसी ३८८ वटा निर्णयहरू भएकोमा उक्त बैठकहरूको निर्णय लेखन, निकासा, अभिलेख तथा सञ्चारसम्बन्धी कार्य गरिएको । मन्त्रिपरिषद्का विभिन्न समितिहरूको १६ वटा बैठक बसी ३४ वटा निर्णयहरू भएकोमा उक्त बैठकहरूको निर्णय लेखन, निकासा, अभिलेख तथा सञ्चारसम्बन्धी कार्य गरिएको ।*
- *मिति २०८०/०४/०१ देखि सरकारी एकीकृत सूचना व्यवस्थापन प्रणाली (GIOMS) कार्यान्वयनमा ल्याउन आवश्यक पूर्वतयारी कार्य सम्पन्न गरिएको ।*
- *आ.व. २०७९/८० को विनियोजन, राजस्व, धरौटी, कार्य संचालनको तेस्रो त्रैमासिकको आन्तरिक लेखापरीक्षण सम्पन्न गरिएको ।*
- *प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसँग प्रत्यक्ष संवादका लागि जडान भएका Action Room का पूर्वाधारहरू सञ्चालनको व्यवस्थाका लागि सातवटै प्रदेशका मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसँग समन्वय गरी सञ्चालनको लागि कार्य भैरहेको ।*
- *राष्ट्रिय महत्त्वका ३० वटा आयोजनाहरूको आ.व. २०७९/८० को प्रगति विवरण सम्मिलित चैत र वैशाखको मासिक प्रगति प्रतिवेदन तयार गरी कार्यान्वयन स्थिति र समस्याहरू पहिचान गरिएको।*

- नेपालको सम्पत्ति शुद्धीकरण निवारण सम्बन्धी पारस्परिक मूल्याङ्कनसम्बन्धी तेस्रो प्रतिवेदनलाई अन्तिम रुप दिइएको । साथै, क्यानडाको भ्यानकुभरमा आयोजना भएको APG Annual Meeting, २०२३ मा नेपालको सम्पत्ति शुद्धीकरण निवारण सम्बन्धी तेस्रो पारस्परिक मूल्याङ्कन प्रतिवेदनको छलफल तथा प्रतिवादका लागि नेपाल राष्ट्र बैंकका गभर्नरको नेतृत्वमा यस कार्यालयका सचिवज्यूसहितको टोली सहभागी भएको।
- सूचनाको हकसम्बन्धी ऐन, २०६४ बमोजिम यस कार्यालयका सूचना अधिकारीलाई सम्बोधन गरी प्राप्त भएका विभिन्न २९ वटा निवेदनमा आवश्यक कारबाही गरी सूचना उपलब्ध गराइएको।
- विभिन्न प्रदेशका पदाधिकारी तथा कर्मचारीहरूलाई वैदेशिक भ्रमणको सहमति उपलब्ध गराउने तथा राहदानी एवं भिसा सिफारिश गरिएको ।
- नेपालका लागि मित्रराष्ट्रहरू कतार, युरोपेली संघ, थाइल्याण्ड, स्वीट्जरल्याण्ड र गणतन्त्र कोरियाका आवासीय राजदूत र मित्रराष्ट्रहरू नेदरल्याण्डस्, इरान, हंगेरी, पोर्चुगल, लिथुआनिया, पेरु र कम्बोडियाका गैरआवासीय राजदूतहरूको नियुक्तिका लागि सहमति प्रदान गरिएको।
- हेलो सरकार कक्षमा सम्बन्धित निकायबाट समाधान भै आएकामध्ये फछ्यौंट गर्न उपयुक्त देखिएका १,४०४ गुनासो फछ्यौंट गरिएको । साथै, हेलो सरकार कक्ष तथा गुनासो व्यवस्थापनमा समसामयिक सुधारका लागि सुझाव कार्यदल गठन भै कार्यदलबाट प्राप्त सुझावहरू कार्यान्वयनमा लगिएको ।
- विभिन्न गठन आदेश, नियमावली, निर्देशिका र कार्यविधिमा आवश्यक संशोधन तथा परिमार्जन गर्ने कार्य गरिएको ।
- यस कार्यालयसमेत विपक्षी भएको मुद्दामा सम्मानित अदालतबाट भएका आदेश (थान ४) कार्यान्वयनका लागि सम्बन्धित मन्त्रालयमा पठाइएको। साथै, विभिन्न तहका अदालतबाट आएका ११६ थान मुद्दाहरूको लिखित जवाफ, पुनरावेदन पत्र तथा प्रतिउत्तर पत्र तयार गरी सम्बन्धित अदालतमा पठाइएको ।
- भ्रष्टाचार विरुद्धको संयुक्त राष्ट्रसङ्घीय महासन्धिको कार्यान्वयन सम्बन्धी राष्ट्रिय रणनीति तथा कार्ययोजना, २०७९ को मस्यौदा तयार भै विभिन्न निकायहरूबाट प्राप्त राय/सुझावअनुसार मस्यौदा परिमार्जन भैरहेको ।

---

यस अवधिमा यस कार्यालयका विभिन्न महाशाखा/शाखाहरूबाट सम्पादन गरिएका मुख्य-मुख्य कार्यहरूको विवरण यसप्रकार छ:

## ५.१ प्रधानमन्त्रीको निजी सचिवालय

सम्माननीय प्रधानमन्त्रीज्यूको निजी सचिवालयबाट भएको पत्राचार, मन्तव्य तथा शुभकामना सन्देशसम्बन्धी विवरण:

| सि.न. | विवरण | संख्या |
|---|---|---|
| १. | सम्माननीय प्रधानमन्त्रीज्यूका सम्बोधनहरू | ४२ |
| २. | सम्माननीय प्रधानमन्त्रीज्यूले विभिन्न संघसंस्था तथा निकायहरूलाई दिनुभएको शुभकामना सन्देशहरू | ४७ |
| ३. | दर्ता भएका पत्रहरू | ८९४ |
| ४. | मन्त्रालय/निकायमा कार्यार्थ पठाइएका पत्र (बाह्य) | ७२३ |
| ५. | प्र.म.तथा मं.प.का.भित्रका महाशाखा/शाखामा कार्यार्थ पठाइएका निवेदनहरू | ११० |
| ६. | टिप्पणी दर्ता | १४० |
| ७. | टिप्पणी सदर | १३९ |
| ८. | माननीय उपप्रधानमन्त्री/मन्त्री/राज्यमन्त्रीज्यूहरूको भ्रमण स्वीकृति | १०३ |
| ९. | विश्वविद्यालयसम्बन्धी पत्रहरू | २५ |

- सम्माननीय प्रधानमन्त्रीज्यूबाट मिति २०८०/०२/१७ देखि २० गतेसम्म भारतको औपचारिक भ्रमण सम्पन्न भई द्विपक्षीय हितका विभिन्न विषयमा छलफल हुनुका साथै दुई देशबीच विभिन्न विषयमा सम्झौता तथा समझदारी-पत्रमा हस्ताक्षर भएको ।

## ५.२ मुख्यसचिवको सचिवालय

- मन्त्रिपरिषद्को निर्णयका लागि प्राप्त प्रस्तावका विषयमा सचिव बैठकको आयोजनाका लागि सञ्चार, समन्वय तथा सहजीकरण गरिएको । साथै, मन्त्रिपरिषद्अन्तर्गतका विभिन्न समितिका बैठकको आयोजनाका लागि समन्वय, सहजीकरण र निर्देशनबमोजिमका अन्य कार्यहरू गरिएको।
- २ वटा सचिव बैठकको निर्णय प्रमाणित गरी कार्यान्वयनको लागि सम्वन्धित निकायमा पठाउने कार्यमा सहजीकरण गरिएको ।
- सम्माननीय प्रधानमन्त्रीज्यूको नेतृत्वमा भएको काठमाण्डौं-तराई-मधेश द्रुतमार्ग सडक आयोजना निरीक्षण एवं अनुगमनको सहजीकरण र समन्वय गरिएको ।

- आर्थिक वर्ष २०८०/८१ को बजेट निर्माणको सम्बन्धमा सम्माननीय प्रधानमन्त्रीज्यूसमक्ष भएका बिफ्रिङ्ग र नेपाल सरकारको नीति तथा कार्यक्रमको मस्यौदाउपर विभिन्न मन्त्रालय/निकायहरुसँग समन्वय एवं सहजीकरण गरिएको ।
- सम्माननीय प्रधानमन्त्रीज्यूबाट भएको भारत भ्रमणको कार्यक्रमका लागि आवश्यक सहजीकरण गरिएको ।
- संघीय संसद्मा प्रधानमन्त्रीसँग प्रत्यक्ष प्रश्नोत्तर कार्यक्रमलाई प्रभावकारी बनाउन एवं Action Room बाट सम्माननीय प्रधानमन्त्रीबाट भएका अनुगमन कार्यमा सहजीकरण गरिएको ।
- देहायबमोजिम बैठकका लागि छलफलको बुँदा तयारी, माइन्यूट तयारी तथा प्रमाणित गरी कार्यान्वयनको लागि सम्बन्धित ठाउँमा पठाउने एवं बैठक व्यवस्थापनमा आवश्यक सञ्चार, समन्वय र सहजीकरण गरिएको:
  - अनुगमन समितिको बैठक
  - बढुवा समितिको ९ वटा बैठक
  - छात्रवृत्ति समितिको ७ वटा बैठक
  - केन्द्रीय अनुगमन समितिको एउटा बैठक
  - निजामती कर्मचारी अस्पताल वोर्डको २ वटा बैठक
  - प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको संगठन सर्वेक्षण सम्बन्धी बैठक
  - सार्क महिला सञ्जालका प्रतिनिधिहरुसँग भेटघाट, छलफल
  - बजेट सम्बन्धी छलफल
  - उद्योग वाणिज्य प्रवर्द्धन संवाद परिषद्को बैठक
  - साँखु सडक र धोबीखोला सडकको मुआब्जासम्बन्धी बैठक
  - काठमाडौ उपत्यका फोहरमैला व्यवस्थापनसम्बन्धी बैठक
  - Power Summit 2023 Broadening Green Energy Markets
  - संवैधानिक परिषद्को बैठक
  - चिकित्सा शिक्षाको छाता ऐन सम्बन्धी बैठक
  - वीर अस्पतालको सुधार आयोजनासम्बन्धी बैठक
  - राष्ट्रिय परिचय-पत्रसम्बन्धी बैठक
  - व्यापार घाटा न्यूनीकरण कार्ययोजना र व्यापार रणनीतिक कार्यान्वयन राष्ट्रिय योजना आयोगको बैठक
  - Solid Waste Management कार्यशाला-२ गोष्ठी
  - विस्फोटक पदार्थ व्यवस्थापनसम्बन्धी बैठक
  - मिनाहा समितिको बैठक

- ▫ विपद जोखिम न्यूनीकरण तथा व्यवस्थापन कार्यकारी समितिको बैठक
- ▫ बेरुजु फछ्र्यौट अनुगमन समितिको बैठक-२
- ▫ विकास सम्बन्धी कानूनका वारेमा छलफल
- ▫ राष्ट्रिय समन्वय परिषद्को बैठक
- ▫ प्लाष्टिक झोला प्रतिवन्ध सम्बन्धी बैठक
- ▫ गैर आवासीय नेपाली नागरिकता सम्बन्धी बैठक

- ▪ देहाय बमोजिमका समारोह, अन्तरक्रिया एवं कार्यक्रममा श्रीमान् मुख्यसचिवको सहभागिताका लागि आवश्यक समन्वय र सहजीकरण गरिएको:
  - ▫ सम्माननीय प्रधानमन्त्रीज्यूबाट नेपालस्थित विदेशी राजदूत, कूटनैतिक नियोग मिसनका पदाधिकारीहरूसँग आयोजित कूटनैतिक ब्रिफिङ्ग कार्यक्रम ।
  - ▫ सूचना प्रविधि र सुशासन विषयक अन्तर्क्रिया कार्यक्रम
  - ▫ स्वास्थ्य सेवा दिवस, २०८० को अवसरमा आयोजित कार्यक्रम
  - ▫ स्वदेशी तथा विदेशी संस्था र व्यक्तिहरुद्वारा विभिन्न अवसरमा आयोजना गरिएको चियापान, रात्रीभोज, दिवाभोज लगायतका कार्यक्रम
  - ▫ संघीय निजामती सेवा ऐनको बारेमा विभिन्न मन्त्रालयका सचिवज्यूहरुसँग छलफल गर्न आयोजित कार्यक्रम
  - ▫ नेपाल उद्योग परिसंघद्वारा Swadeshi Meet and Greet, 2023 को कार्यक्रम
  - ▫ गणतन्त्र दिवस मूल समारोह समिति, २०८० को कार्यक्रम
  - ▫ निजामती कर्मचारी प्रतिभा डवली कार्यक्रम
  - ▫ लोक सेवा आयोग, महालेखापरीक्षक जस्ता संवैधानिक निकायहरुको वार्षिक कार्यक्रम
  - ▫ वैदेशिक निकायबाट Reception Dinner/Meeting को लागि अनुरोध गरिएका ३० वटा कार्यक्रम
- ▪ सचिवालयबाट टेलिफोनमार्फत् ५,२०० पटक जनसम्पर्क गरी सेवा प्रवाहमा समन्वय र सहजीकरण गर्नुका साथै मुख्यसचिवज्यूसँग भएका १ हजार जनाको व्यक्तिगत भेटघाट व्यवस्थापन गरिएको।
- ▪ प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको Senior Management Team (SMT) र Extended Senior Management Team (ESMT) को बैठकको लागि हल व्यवस्थापन र अन्य प्रशासनिक प्राविधिक कार्यमा सहयोग पुऱ्याएको ।
- ▪ संवैधानिक अङ्गका पदाधिकारी, प्रदेश प्रमुख, नेपाल सरकारका सचिवहरू र अन्य विभागीय प्रमुखहरूको सम्पर्क नम्बर, इमेल र वरीयताक्रम अद्यावधिक गरिएको । नेपाल सरकारका विशिष्ट श्रेणीका पदाधिकारीहरूलाई बैठक र छलफलका लागि सञ्चार सम्पर्क गरिएको ।

- मुख्यसचिवज्यूको निर्देशनबमोजिम २९२ वटा पत्रहरू कार्यान्वयनको लागि प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका सचिवज्यूहरू समक्ष पेस गरिएको ।
- नेपाल सरकारका सचिवहरूको ८६ वटा स्वदेश भ्रमण तथा १० वटा बिदाको विद्युतीय अभिलेख राख्नुका साथै भ्रमण प्रतिवेदनको अभिलेखीकरण र कार्यान्वयनको लागि सम्बन्धित सचिवसमक्ष प्रस्तुत गरिएको । सचिवहरूको हाजिरी र परिचय-पत्र व्यवस्थापनलाई निरन्तरता दिइएको।
- अस्थायी र ज्यालादरी कर्मचारीहरूबाट प्रस्तुत सुझाव, गुनासो सम्बोधनका लागि समन्वय र सहजीकरण गरिएको ।

सचिव बैठकका सबै निर्णयहरू हेर्न यहाँ क्लिक गर्नुहोस् ।

## मन्त्रिपरिषद् बैठक तथा संवैधानिक निकाय महाशाखा

### ५.३ मन्त्रिपरिषद् बैठक शाखा र मन्त्रिपरिषद् निर्णय कार्यान्वयन अनुगमन शाखा

- नेपाल सरकार मन्त्रिपरिषद्का २१ वटा बैठक बसी ३८८ वटा निर्णयहरू भएकोमा उक्त बैठकका निर्णयहरूको बाइन्डिङ तथा अभिलेख व्यवस्थापन गरिएको ।
- नेपाल सरकार मन्त्रिपरिषद्का विभिन्न बैठकबाट भएका निर्णयहरुको कार्यान्वयन र अनुगमन प्रयोजनार्थ विभिन्न निकायहरूमा पठाइएकोमा १६४ वटा मन्त्रिपरिषद्बाट भएका निर्णयहरूको विवरण अद्यावधिक भएको।
- मन्त्रिपरिषद् निर्णय कार्यान्वयनको प्रगति विवरण मन्त्रिपरिषद्को निर्णय कार्यान्वयन अनुगमन प्रणाली (CDIMS) मा अद्यावधिक गर्न सम्पूर्ण मन्त्रालयहरूसँग समन्वय गरिएको।
- नेपाल सरकार, मन्त्रिपरिषद्का विभिन्न बैठकबाट भएका निर्णयहरूको कार्यान्वयन र अनुगमन प्रणालीलाई प्रभावकारी बनाउन मन्त्रालयहरूबाट मन्त्रिपरिषद्का निर्णयहरू प्रणालीमा प्रविष्टि गर्ने सम्बन्धित पदाधिकारीलाई सहजीकरण गर्न विभिन्न चरणमा छलफल आयोजना गरिएको ।
- सम्माननीय प्रधानमन्त्री एवम् मन्त्रिपरिषद्को निर्णयबाट नियुक्ति/मनोनयन हुने राजनीतिक प्रकृतिका नियुक्ति सम्बन्धी रिक्त/कार्यरत पदहरूको विवरण अद्यावधिक गरिएको ।
- नेपाल सरकार मन्त्रिपरिषद्बाट भएका महत्त्वपूर्ण निर्णयहरूको कार्यान्वयन अवस्था सम्बन्धमा स्थलगत अनुगमन गरी प्रतिवेदन तयार गरिएको ।

- नेपाल सरकार (मन्त्रिपरिषद् बैठक) का निर्णयहरू हेर्न यहाँ क्लिक गर्नुहोस्

### ५.४ मन्त्रिपरिषद् समिति तथा संवैधानिक निकाय शाखा

| समितिको नाम | बैठक संख्या | निर्णय संख्या |
|---|---|---|

| | | |
|---|---|---|
| प्रशासन समिति | १ | २ |
| सामाजिक समिति | २ | २ |
| आर्थिक तथा पूर्वाधार समिति | ४ | ११ |
| विधेयक समिति | ९ | १९ |
| **जम्मा** | **१६** | **३४** |

मन्त्रिपरिषद् समितिका सबै निर्णयहरू हेर्न यहाँ क्लिक गर्नुहोस् ।

## प्रशासन महाशाखा

### ५.५ प्रशासन शाखा

- कार्यालय र मातहतका निकायको जनशक्ति व्यवस्थापनसम्बन्धी कार्यअन्तर्गत कर्मचारीको नियुक्ति, सरुवा, काज, हाजिरी, बिदा, बढुवा, पुरस्कार, तालिम, छात्रवृत्ति मनोनयन, निवृत्तिभरण र अवकाश सम्बन्धी कार्यहरू गरिएको ।
- कार्यालयको दैनिक प्रशासन सञ्चालन तथा आन्तरिक व्यवस्थापनको कार्य गरिएको ।
- कार्यालय बैठकलगायतका अन्य बैठकको व्यवस्थापन तथा निर्णय कार्यान्वयनका लागि समन्वय गरिएको ।
- कार्यालय परिसरभित्र सरसफाइ एवं हरियाली प्रवर्द्धनसम्बन्धी कार्य गरिएको ।
- यस कार्यालयको डा. हर्क गुरुङ हलमा ध्वनि प्रणाली तथा अन्य मेसिनरी जडान र पुँजीगत सुधार तथा फर्निसिङका लागि विद्युतीय बोलपत्र आह्वान गरी बोलपत्र स्वीकृत भएको।
- वार्षिक खरिद योजनाअनुरूपका निम्न कार्यहरु सम्पन्न गरिएको:-
  - यस कार्यालयका लागि आवश्यक स्टेसनरी तथा मसलन्द सामग्री खरिद गरिएको ।
  - कार्यालय र परिसर सरसफाईका लागि आवश्यक सामग्री खरिद गरिएको।
  - सोझै खरिद गर्नुपर्ने प्रकृतिका वस्तु तथा परामर्श सेवा नियमितरुपमा खरिद भएको ।
  - प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, विद्युतीय सुशासन आयोग र राष्ट्रिय तथ्याङ्क कार्यालयको सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण गर्ने कार्य अन्तिम चरणमा रहेको ।
  - सूचना प्रविधि विभागद्वारा विकसित सरकारी एकीकृत सूचना व्यवस्थापन प्रणाली (GIOMS) यस कार्यालयमा २०८० साउन १ गतेदेखि लागू गर्न आवश्यक पूर्वतयारी कार्य (विद्युतीय हस्ताक्षर उपलब्ध गराउने, कर्मचारीलाई अभिमुखीकरण प्रदान गर्ने आदि) सञ्चालन गरिएको।

### ५.६ आर्थिक प्रशासन शाखा

- आ.व. २०७९/८० को विनियोजन, राजस्व, धरौटी, कार्य सञ्चालनको तेस्रो त्रैमासिकको आन्तरिक लेखापरीक्षण सम्पन्न गराइएको ।
- TDS लाई आन्तरिक राजस्व विभागले तयार पारेको सफ्टवेयरमार्फत प्रविष्टि गर्ने कार्य नियमित रूपमा गरिएको ।
- मातहत कार्यालयहरूको बेरुजु लगत सङ्कलन र विवरण अद्यावधिक गरी सम्बन्धित निकायहरूमा फाँटवारी पठाइएको ।

## सामाजिक विकास तथा रूपान्तरण महाशाखा

### ५.७ महिला, बालबालिका, ज्येष्ठ नागरिक तथा सामाजिक सुरक्षा शाखा

- अस्पतालमा आधारित लैङ्गिक हिंसासम्बन्धी एकद्वार सङ्कटव्यवस्थापन केन्द्रहरूको सेवा प्रवाहको अनुगमन गर्ने क्रममा मेची प्रादेशिक अस्पताल झापा, इलाम अस्पताल इलाम, धादिङ अस्पताल धादिङ, त्रिशूली अस्पताल नुवाकोट तथा राष्ट्रिय चिकित्सा शिक्षा वीर अस्पतालमा रहेको एकद्वार सङ्कटव्यवस्थापन केन्द्रहरूको अनुगमन गरी केन्द्रले भोगिरहेको समस्या, समस्या समाधानका लागि सम्बन्धित निकायले सम्पादन गर्नुपर्ने कामहरूको विषयमा सुझाव सहितको प्रतिवेदन तयार गरी कार्यक्रम सम्पन्न गरिएको।
- श्रीमान् मुख्य सचिवज्यूको अध्यक्षतामा मिति २०८०।०१।१४ मा बैठक बसी डेङ्गी रोग नियन्त्रणका लागि १४ बुँदे निर्देशन जारी भएकोले बैठकबाट भएका निर्णयहरु कार्यान्वयनका लागि सबै मन्त्रालय तथा सरोकारवाला निकायहरूमा पत्राचार गरिएको।
- नेपाल सरकार मन्त्रिपरिषदको मिति २०८०।०२।०२ को निर्णयानुसार नेपाल ट्रष्टको सञ्चालक समितिको रिक्त सदस्य पदमा जुम्ला जिल्ला कनका सुन्दरी ७ का श्री देवीचन्द्र उपाध्याय र रामेछाप जिल्ला दोरम्बा सैलुङ्ग ६ का श्री सुनिता कुमारी गौतमलाई नेपाल ट्रष्ट ऐन, २०६४ को दफा ७(१) बमोजिम नियुक्ति गरिएको।
- नेपाल सरकार, मन्त्रिपरिषद्को मिति २०८०।०२।०९ को निर्णयानुसार नेपाल ट्रष्टको सञ्चालक समितिका सदस्य श्री नन्दबहादुर रोकायले मिति २०८०।०२।०१ मा राजीनामा दिई रिक्त भएको नेपाल ट्रष्टको सञ्चालक समितिको सदस्य पदमा ताप्लेजुङ जिल्ला फक्ताङ्लुङ-६ का श्री याङजोम शेर्पालाई नियुक्त गरिएको।
- सम्माननीय प्रधानमन्त्री तथा चिकित्सा विज्ञान राष्ट्रिय प्रतिष्ठानका कुलपतिज्यूबाट चिकित्सा विज्ञान राष्ट्रिय प्रतिष्ठान ऐन २०६३ (संशोधन)२०७५ को दफा १८ (२) बमोजिम मिति २०८०।०३।०७ मा मोरङ जिल्ला पथरी शनिश्चरे १ का श्री भूपेन्द्रकुमार बस्नेतलाई चिकित्सा विज्ञान राष्ट्रिय प्रतिष्ठानको उपकुलपतिमा ४ (चार) वर्षका लागि नियुक्त गरिएको।

- "राष्ट्रिय स्वास्थ्य सङ्कट व्यवस्थापन समन्वय निर्देशिका २०८०" को मस्यौदा तयार गरी स्वीकृतिका लागि मन्त्रिपरिषद्मा पेस भएकोमा मन्त्रिपरिषद्बाट छलफलका लागि मन्त्रिपरिषद् सामाजिक समितिमा पठाइएको।
- सुनकोशी मरिन डाइभर्सन बहुउद्देश्यीय आयोजनाको स्थलगत अनुगमन गरी प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, अर्थ मन्त्रालय र राष्ट्रिय योजना आयोगमा प्रतिवेदन पेस गरिएको।
- सम्माननीय प्रधानमन्त्री तथा श्रीमान् मुख्य सचिवज्यूलाई सम्बोधन गरी विभिन्न मितिहरूमा विभिन्न संघ संस्था तथा व्यक्तिहरूले पेस गरेका शाखासँग सम्बन्धित निवेदनहरू आवश्यक कारवाहीका लागि सम्बन्धित मन्त्रालयहरूमा पत्राचार गरिएको।
- यस महाशखासँग सम्बन्धित मन्त्रालयहरुले आयोजना गरेको बैठकहरुमा सक्रियतापूर्वक सहभागी भई प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको धारणाहरू राख्ने गरिएको।

## ५.८ शिक्षा, स्वास्थ्य, युवा तथा खेलकुद शाखा

- अस्पतालमा आधारित लैंगिक हिंसासम्बन्धी एकद्वार सङ्कटव्यवस्थापन केन्द्रहरूको सेवा प्रवाहको अनुगमन गर्ने क्रममा मेची प्रादेशिक अस्पताल, इलाम अस्पताल, धादिङ अस्पताल, त्रिशुली अस्पताल तथा राष्ट्रिय चिकित्सा शिक्षा वीर अस्पतालमा रहेको एकद्वार सङ्कट व्यवस्थापन केन्द्रहरूको अनुगमन गरी यी केन्द्रहरूले भोगिरहेको समस्या समाधानका लागि सम्बन्धित निकायले सम्पादन गर्नुपर्ने कामहरूको विषयमा सुझाव सहितको प्रतिवेदन तयार गरी कार्यान्वयनको लागि सम्बन्धित निकायमा पठाइएको ।
- श्रीमान् मुख्य सचिवज्यूको अध्यक्षतामा मिति २०८०।०१।१४ मा बैठक बसी डेङ्गी रोग नियन्त्रणका लागि १४ बुँदे निर्देशन जारी भई उक्त निर्देशनहरू कार्यान्वयनका लागि सबै मन्त्रालय तथा सरोकारवाला निकायहरुमा पत्राचार गरिएको।

# प्रादेशिक समन्वय तथा योजना महाशाखा

## ५.९ प्रादेशिक समन्वय शाखा

- सम्माननीय प्रधानमन्त्रीज्यूको अध्यक्षतामा मिति २०८०/०३/१६ गते पोखरामा सबै प्रदेशका मुख्यमन्त्रीसहितका विशिष्ट पदाधिकारीहरूको समुपस्थितिमा राष्ट्रिय समन्वय परिषद्को पहिलो बैठक सम्पन्न भई अन्तर-तह समन्वय सुदृढीकरण र सङ्घीयता कार्यान्वयनसम्बन्धी विभिन्न विषयमा भएका निर्णयहरू कार्यान्वयनका लागि विभिन्न निकायहरूमा पठाइएको ।
- विभिन्न निकायबाट समन्वयका लागि अनुरोध भई आएका विषयहरूमा आवश्यक समन्वय तथा सहजीकरण गरिएको ।

## ५.१० योजना, अनुगमन तथा विपद् समन्वय शाखा

- प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय र अन्तर्गतका निकायहरुको आ.व २०८०/८१ को वार्षिक विकास कार्यक्रमहरुको पुस्तिका प्रकाशन गरी संघीय संसद्मा छलफलको लागि पठाइएको।
- प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय र अन्तर्गतका कार्यालयहरूको आर्थिक बर्ष २०८०/८१ का लागि प्रस्तावित कार्यक्रमहरुबारे संसद्मा उठेका प्रश्नहरुको जवाफ तयारी गरिएको ।
- प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय र अन्तर्गत निकायको आर्थिक वर्ष २०८०/८१ को वार्षिक कार्ययोजना तयार गरी क्रियाकलाप र माइलस्टोनहरु अनलाइन मनिटरिङ्ग प्रणालीमा प्रविष्टि गरिएको ।
- नेपाल सरकारको आ.व. २०७९/८० को नीति तथा कार्यक्रम र बजेट वक्तव्यमा उल्लिखित यस कार्यालयसँग सम्बन्धित नीति तथा कार्यक्रम र बजेट कार्यान्वयनसम्बन्धी बार्षिक कार्ययोजनामा उल्लिखित क्रियाकलाप/माइलस्टोनका सम्बन्धमा महाशाखा/शाखाहरू तथा अन्तर्गतका कार्यालयहरूबाट सम्पादित कार्य प्रगति बिवरण मासिक रुपमा अद्यावधिक गरिएको।
- सम्माननीय प्रधानमन्त्रीज्यूको नेतृत्वमा नेपालको पूर्वी पहाडी जिल्लामा बाढी पहिरोबाट सिर्जित विपद्को स्थलगत अनुगमन गर्न गएको टोलीमा सदस्यको रूपमा सम्मिलित भई प्रतिवेदन तयार गरी कार्यान्वयनका लागि सम्बन्धित निकायमा पठाइएको।

# राष्ट्रिय सुरक्षा तथा कूटनीति समन्वय महाशाखा

## ५.११ सूचना, सञ्चार तथा वैदेशिक समन्वय शाखा

### सूचनाको हक कार्यान्वयनसम्बन्धमा

- यस आ.व.को तेस्रो त्रैमासिकमा सूचनाको हकसम्बन्धी ऐन, २०६४ बमोजिम सूचना माग गर्दै यस कार्यालयका सूचना अधिकारीलाई सम्बोधन गरी प्राप्त भएका २९ वटा निवेदनमा आवश्यक कारबाही गरी सूचना उपलब्ध गराइएको । अन्य निकायसँग सम्बन्धित निवेदनहरू सम्बन्धित निकायमा लेखी पठाइएको ।(थप विवरण प्रतिवेदनको क्र.सं १० मा समावेश गरिएको छ)

### राजदूत नियुक्ति सहमति

- नेपालसँग दौत्यसम्बन्ध कायम भएका निम्न मित्रराष्ट्रका आवासीय राजदूतको नियुक्तिका लागि सहमति प्रदान गरिएको:

| क्र.सं | राजदूतको नाम | मित्र राष्ट्रको नाम | सहमति प्रदान गरिएको मिति |
|---|---|---|---|
| १. | H.E. Mishal Mohammed Ali Alansari | कतार | २०८०/०३/२६ |

| | | | |
|---|---|---|---|
| २. | H.E. Ms. Marie-Veronique Lorenzo Perez | युरोपेली संघ | २०८०/०३/०५ |
| ३. | H.E. Mr. Suwapong Sirisorn | थाइल्याण्ड | २०८०/०३/०५ |
| ४. | H.E. Dr. Danielle Veronique Meuwly Monteleone | स्वीट्जरल्याण्ड | २०८०/०३/०५ |
| ५. | H.E. Mr. Taeyoung Park | गणतन्त्र कोरिया | २०८०/०१/११ |

- नेपालसँग दौत्यसम्बन्ध कायम भएका निम्न मित्रराष्ट्रका गैरआवासीय राजदूतको नियुक्तिका लागि सहमति प्रदान गरिएको:

| क्र.सं | राजदूतको नाम | मित्र राष्ट्रको नाम | सहमति प्रदान गरिएको मिति |
|---|---|---|---|
| १. | H.E. Mrs Marisha Gerards | नेदरल्याण्डस् | २०८०/०३/२६ |
| २. | H.E. Dr. Iraj Elahi | इरान | २०८०/०३/०५ |
| ३. | H.E. István Szabó | हंगेरी | २०८०/०३/०५ |
| ४. | H.E. Mr. João Manuel Mendes Ribeiro de Almeida | पोर्चुगल | २०८०/०२/०५ |
| ५. | H.E. Mrs. Diana Mickeviciene | लिथुआनिया | २०८०/०२/०५ |
| ६. | H.E. Mr. Javier Manuel Paulinich Velarde | पेरु | २०८०/०१/११ |
| ७. | H.E. Mr. Koy Kuong | कम्बोडिया | २०८०/०१/११ |

## वैदेशिक भ्रमण तथा भिसा सहजीकरण

- विभिन्न प्रदेशका पदाधिकारी तथा कर्मचारीहरूलाई वैदेशिक भ्रमणको सहमति उपलब्ध गराउने तथा राहदानी र भिसाको सन्दर्भमा सहजीकरण गरिएको । साथै, प्रदेशमा कार्यरत पाँच जना कर्मचारीहरूलाई वैदेशिक भ्रमण/तालिमका सन्दर्भमा विभिन्न देशको भ्रमणका लागि विशेष राहदानी उपलब्ध गराउन सिफारिश गरिएको ।

## अन्य कार्यहरू

- सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ५(३) र नियमावली, २०६५ को नियम ३ बमोजिम प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसँग सम्बन्धित आर्थिक वर्ष २०७९/८० को तेस्रो त्रैमासिक विवरण (२०७९ माघ-चैत) तयार गरी कार्यालयको वेबसाइटमार्फत सार्वजनिक गरिएको।
- राष्ट्रिय सूचना आयोगलगायत सरोकारवाला निकायबाट माग भई आएका विवरण समयमा नै उपलब्ध गराइएको ।

- काठमाण्डौंस्थित प्रणय के.सी.को स्पाइनल मस्कुलर एट्रोफी (Spinal Muscular Atrophy) रोगको उपचारको लागि स्वीट्जरल्याण्डको नोभाटिज कम्पनीबाट उत्पादित Onasemnogene abeparvovec-xioi ZOLGENSMA Vaccine अनुदानस्वरूप स्वीस सरकारसँग माग गरिदिन परराष्ट्र मन्त्रालयमा पत्राचार गरिएको ।

## ५.१२ सुशासन प्रवर्धन तथा भ्रष्टाचार निगरानी शाखा

- नेपाल सरकारबाट नियुक्ति पाएका विभिन्न संवैधानिक आयोगका प्रमुख तथा पदाधिकारीहरूको सम्पत्ति विवरण संकलन गरी सो विवरण राष्ट्रिय सतर्कता केन्द्रको वेवसाइटमा प्रविष्टि गरिएको।
- शाखामा प्राप्त विभिन्न अनियमितता, भ्रष्टाचार सम्बन्धी उजुरी तथा गुनासोहरूको सम्बन्धमा अध्ययन गरी नियमानुसार छानविन तथा आवश्यक कारवाहीको लागि राष्ट्रिय सतर्कता केन्द्रसहित सम्बन्धित मन्त्रालय/निकायमा पत्राचार गरिएको ।
- श्रीमान् मुख्यसचिवज्यूको अध्यक्षतामा सचिव बैठक तथा उच्च व्यवस्थापन समूहको बैठक नियमित रूपमा आयोजना गरी बैठकका निर्णयहरू कार्यान्वयनको लागि सम्बन्धित मन्त्रालय/निकायमा पत्राचार गरिएको।
- अख्तियार दुरुपयोग अनुसन्धान आयोग र महालेखापरीक्षकको वार्षिक प्रतिवेदनमा औंल्याइएका सुझावहरू कार्यान्वयन सम्बन्धमा सम्माननीय प्रधानमन्त्रीज्यूको अध्यक्षतामा छलफल आयोजना गरी प्राप्त निर्देशन तथा निर्णयहरू कार्यान्वयनको लागि सम्बन्धित निकायमा पठाइएको ।
- नुवाकोट, रामेछाप तथा काभ्रेपलाञ्चोक जिल्लामा सार्वजनिक सेवा प्रवाहको प्रभावकारिता तथा सेवाग्राही सन्तुष्टिसम्बन्धी सर्वेक्षण तथा अन्तरक्रिया कार्यक्रम सम्पन्न गरिएको ।
- सम्माननीय राष्ट्रपतिज्यूबाट मिति २०८० जेठ ५ गते सङ्घीय संसद्को दुबै सदनको संयुक्त बैठकमा आर्थिक वर्ष २०८०/८१ को सरकारको नीति तथा कार्यक्रम प्रस्तुत भएको । उक्त नीति तथा कार्यक्रमको मस्यौदा तयारीको लागि सम्पर्क शाखाको रूपमा बैठक आयोजना, सम्बन्धित मन्त्रालय/निकायबाट विवरण संकलन, प्रशोधन र परिमार्जनलगायतका आवश्यक कार्यहरू गरिएको ।

## ५.१३ सम्पत्ति शुद्धीकरण तथा राजस्व अनुसन्धान शाखा

- AML/CFT Mutual Evaluation को तयारीका क्रममा सम्बन्धित निकायहरुसँग विभिन्न मितिमा छलफल तथा अन्तरक्रिया कार्यक्रम गरी २०८० बैशाख १३ देखि १५ गतेसम्म (२६-२८ April, २०२३) सम्बद्ध निकायहरुको सहभागितामा Face-to-Face Meeting सम्पन्न भएको।
- सम्पत्ति शुद्धीकरण तथा आतंकवादी क्रियाकलापमा वित्तीय लगानी निवारणसम्बन्धी राष्ट्रिय रणनीति तथा कार्ययोजना (२०७६-२०८१) मा भएको व्यवस्था बमोजिम राष्ट्रिय पुनरावलोकन परिषद्को १ वटा बैठक माननीय अर्थमन्त्रीज्यूको अध्यक्षतामा सम्पन्न भएको।

- AML/CFT सम्बन्धी राष्ट्रिय समन्वय समितिको १२३, १२४ र १२५ औं बैठकहरु सम्पन्न भएको।
- नेपालको सम्पत्ति शुद्धीकरण निवारण सम्बन्धी तेस्रो पारस्परिक मूल्याङ्कन अन्तर्गत APG (Asia Pacific Group on Money Laundering) बाट तेस्रो मस्यौदा प्रतिवेदन प्राप्त भई त्यस उपर सम्बद्ध निकायहरुबाट प्रतिक्रिया लिने र प्रतिवेदनलाई अन्तिम रुप दिने कार्य सम्पन्न भएको।
- क्यानडाको भ्यानकुभरमा आयोजना भएको APG Annual Meeting, २०२३ मा नेपालको सम्पत्ति शुद्धीकरण निवारण सम्बन्धी तेस्रो पारस्परिक मूल्याङ्कन प्रतिवेदनको छलफल तथा प्रतिवादका लागि नेपाल राष्ट्र बैंकका गभर्नरको नेतृत्वमा यस कार्यालयका सचिवज्यू सहितको टोली सहभागी भएको।

## ५.१४ हेलो सरकार कक्ष

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय र विभिन्न मन्त्रालय तथा निकायहरूसँग सम्बन्धित सेवा प्रवाहलगायत विभिन्न विषयमा प्राप्त हुने विभिन्न किसिमका जनगुनासो र सुझावहरूको उचित सुनुवाइ गर्न, मन्त्रालयबाट हुने नीतिगत निर्णय, कार्य सञ्चालन र शान्ति सुरक्षाको स्थितिको सम्बन्धमा जानकारी लिई शासकीय व्यवस्थामा सुधार गरी जनमुखी प्रशासन व्यवस्थाको प्रवर्धन गर्नका लागि गुनासो गर्न चाहने जो कोहीलाई देहायबमोजिमको माध्यमबाट हेलो सरकार कक्षको शाखामा सूचना दिने व्यवस्था मिलाइएकोः

- टोल फ्रि टेलिफोन नम्बर ११११ मा टेलिफोन गरी शाखाका कर्मचारीलाई टिपाएर ।
- शाखाको फ्याक्स नम्बर ११०० मा फ्याक्स गरेर ।
- शाखाको 1111@nepal.gov.np मा इमेल गरेर ।
- कार्यालयको बेवसाइट www.gunaso.opmcm.gov.np को Complaints and Suggestion बाट पठाएर ।
- ट्वीटर तथा फेसबुक पेजको गुनासो गेटमा सन्देश पठाएर ।
- मोबाइल एपमा गुनासो पठाएर ।
- हेलो सरकार शाखामा पत्र पठाएर ।
- गुनासोकर्ता स्वयं उपस्थित भई विवरण टिपाएर ।
- एस.एम.एसमार्फत गुनासो पठाएर ।
- Viber मार्फत गुनासो पठाएर ।
- अन्य

**हेलो सरकार शाखाबाट चौथो त्रैमासिक अवधिमा सम्पादन भएका मुख्य-मुख्य कामहरू**

- हेलो सरकार कक्षमा विभिन्न माध्यमहरू (हेलो सरकार वेबपोर्टल, फेसबुक, भाइबर, ट्वीटर, इमेल, फोन सम्पर्क तथा प्रत्यक्षरुपमा उपस्थिति भई) बाट प्राप्त ४,३७० गुनासोहरूलाई अध्ययन गरी सम्बन्धित निकायमा पठाउन उपयुक्त देखिएका गुनासो आवश्यक कारवाहीका लागि पठाइएको।
- सम्बन्धित निकायबाट समाधान भई आएकामध्ये फछ्र्यौट गर्न उपयुक्त देखिएका १,४०४ गुनासो फछ्र्यौट गरिएको ।
- हेलो सरकारको वार्षिक प्रतिवेदन तयार भई कार्यालयको वेवसाईटमार्फत सार्वजनिक गरिएको।
- हेलो सरकार कक्ष तथा गुनासो व्यवस्थापनमा समसामयिक सुधारका लागि सुझाव कार्यदल गठन भई कार्यदलबाट प्राप्त सुझावहरू कार्यान्वयनमा लगिएको ।

## नतिजा व्यवस्थापन महाशाखा

### ५.१५ तत्काल समस्या समाधान केन्द्र, नतिजा विश्लेषण तथा व्यवस्थापन शाखा

- एकीकृत अनुगमन प्रणालीमार्फत् प्राप्त प्रगति विवरणको आधारमा नेपाल सरकारको आर्थिक वर्ष २०७९/८० को नीति तथा कार्यक्रम र अनुगमनका लागि छनौट भएका विभिन्न ३० आयोजनाहरूको २०७९ चैत्र र २०८० वैशाखको मासिक प्रगति प्रतिवेदन तयार गरिएको ।
- आ.व. २०८०/८१ को मन्त्रालयगत/निकायगत वार्षिक कार्ययोजना तर्जुमासम्बन्धी अभिमुखीकरण कार्यक्रम सञ्चालन गरिएको । वार्षिक कार्ययोजना तर्जुमामा मन्त्रालय/निकायगत बैठक सञ्चालन गरी सहजीकरण गरिएको ।
- एकीकृत अनुगमन प्रणालीको स्तरोन्नति गरी कार्य सम्पादनमा सहजीकरण भएको ।
- अनुगमनका लागि छनौट भएका विभिन्न ३० आयोजनाहरुको आ. व. २०७९/८० को प्रगति विवरण सम्मिलित चैत्र र वैशाख महिनाको मासिक प्रगति प्रतिवेदन तयार गरिएको । साथै राष्ट्रिय महत्त्वका ३० वटा आयोजनाहरूको कार्यान्वयन स्थितिको समीक्षा र समस्याहरू पहिचान भएको ।
- केन्द्रीय अनुगमन तथा मूल्याङ्कन समितिको १ वटा बैठक आयोजना गरी सुशासन र सेवा प्रवाहमा सहजीकरण गरिएको ।
- विकास आयोजनाहरूमा देखिएका समस्याहरूको समाधानमा सहजीकरण गर्ने सिलसिलामा अनुगमनका लागि छनौट भएका आयोजनाहरूको स्थलगत अनुगमन भै आयोजनाको प्रगति स्थिति, कार्यान्वयनमा देखिएका समस्या एवं सुझावसहित १० वटा प्रतिवेदनहरू प्राप्त भएको।

## ५.१६ सूचना प्रविधि शाखा

- प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको वेबसाइट, क्याबिनेट स्वचालित प्रणाली, यस कार्यालयको स्वचालित कार्यालय प्रणाली, विद्युतीय (ई-हाजिरी) हाजिरी प्रणाली, एकीकृत अनुगमन प्रणाली, एस.एम.एस. पोर्टल, हेलो सरकारलगायतका सम्पूर्ण पोर्टलहरूको नियमित सञ्चालन र अद्यावधिक गरिएको । साथै, ६५ जना कर्मचारीहरूलाई परिचय-पत्र उपलब्ध गराइएको ।
- कार्यालयको मिडिया हल सञ्चालनमा ल्याइएको ।
- नेपाल टेलिकमको इन्टरनेट लिङ्क (L2) को अवस्थाको चेकजाँच गरी Action Room सञ्चालन प्रयोजनार्थ प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, प्रधानमन्त्री निवास बालुवाटार र सबै प्रदेशमा लिङ्क परीक्षण गरिएको ।
- कार्यालयमा सामाजिक सञ्जालको प्रयोग गर्ने कार्यविधि निर्माणका लागि प्रक्रिया अघि बढाइएको ।
- गुनासो व्यवस्थापन प्रणालीको स्तरोन्नतिका लागि आवश्यक कार्य सम्पन्न गरिएको ।
- मन्त्रिपरिषद्, मन्त्रिपरिषद् समिति र मन्त्रिपरिषद् निर्णय कार्यान्वयन प्रणालीको स्तरोन्नतिका लागि आवश्यक कार्य सम्पन्न गरिएको।
- एकीकृत अनुगमन प्रणालीको स्तरोन्नतिका लागि आवश्यकता पहिचान र प्रणाली आपूर्तिकर्ताहरूलाई प्राविधिक सहयोग उपलब्ध गराइएको ।
- कार्यालयका लागि आवश्यक सूचना प्रविधिसम्बन्धी उपकरणहरूको आवश्यकता पहिचान, प्राविधिक स्पेसिफिकेसन तयारी तथा गुणस्तरको मूल्याङ्कन गरिएको ।
- शाखा प्रमुखको अध्यक्षतामा गठित कार्यालयको विभिन्न खरिद कार्यको मूल्याङ्कन समितिको कार्य सम्पन्न गरिएको ।
- सरकारी एकीकृत कार्यालय व्यवस्थापन प्रणाली (GIOMS) लाई कार्यान्वयनमा ल्याउने सन्दर्भमा सबै महाशाखा/शाखाका कर्मचारीहरूलाई अभिमुखीकरण प्रदान गरिएको।

# लगानी, उत्पादन तथा रोजगार प्रवर्धन महाशाखा

## ५.१७ अर्थ, उद्योग, वाणिज्य तथा पर्यटन शाखा

- मिति २०८०/०१/०४ मा सम्माननीय प्रधानमन्त्रीज्यूको अध्यक्षतामा उद्योग वाणिज्य संवाद परिषद्को बैठक सम्पन्न भई उद्योग, वाणिज्य क्षेत्रको प्रवर्द्धनका लागि विभिन्न निर्णयहरू भएको।
- श्रीमान् मुख्य सचिवज्यूको संयोजकत्वमा व्यावसायिक वातावरण प्रवर्द्धन समन्वय समितिको बैठक सम्पन्न भई विभिन्न निर्णयहरू भएको ।
- प्रधानमन्त्री रोजगार कार्यक्रमको अनुगमन गरिएको ।

- यस महाशाखासँग सम्बन्धित विभिन्न विषयमा सम्बन्धित मन्त्रालयहरूसँग आवश्यक समन्वय तथा सहजीकरण बैठकहरू गरिएको ।
- नेपाल सरकारको नीति तथा कार्यक्रम मस्यौदा गर्ने सम्बन्धमा मन्त्रालयहरूबाट प्राप्त गर्ने विवरणको ढाँचा तयार गरिएको र सो बमोजिम सम्बन्धित निकायहरूबाट विवरण माग गरिएको । साथै, नीति तथा कार्यक्रमको मस्यौदाको लागि यस महाशाखाका विषय क्षेत्रसम्बद्ध विषयहरू प्रस्तुत गरिएको ।

### ५.१८ कृषि, वन तथा वातावरण शाखा

- जीवनाशक विषादीको अवशेष परीक्षणको अवस्था तथा आगामी कार्ययोजनासम्बन्धी प्रतिवेदन तयार गरी पेस गरिएको ।
- प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजनाअन्तर्गत गोरखा, लमजुङ, तनहुँ, कास्की, स्याङजा र धादिङ जिल्लामा सञ्चालित सुपर जोन, जोन, ब्लक तथा पकेटको अन्तर निकायगत संयुक्त अनुगमन गरी प्रतिवेदन पेस गरिएको ।
- उल्लिखित जिल्लाका किसान, किसान समूह, सहकारी, स्थानीय जनप्रतिनिधि, प्रदेश तथा स्थानीय तहका कृषि प्राविधिकहरूसँग सुन्तला खेती तरकारी खेती, माहुरी पालन तथा बीउ उत्पादनलगायतका विषयमा छलफल तथा अन्तरक्रिया गरिएको ।

## पूर्वाधार विकास महाशाखा

### ५.१९ भौतिक पूर्वाधार, जलस्रोत तथा ऊर्जा र खानेपानी, शहरी विकास तथा सञ्चार शाखा

- झापाको दमक नगरपालिका र आसपासका क्षेत्र (गौरादह नगरपालिका र कलम गाउँपालिका) मा प्रास्ताव गरिएको औद्योगिक क्षेत्र (औद्योगिक कोरिडोर) स्थापना गर्नेसम्बन्धी कार्यको मिति २०८०/०१/१३ देखि १९ गतेसम्म स्थलगत अनुगमन गरी प्रतिवेदन पेस गरिएको ।
- मिति २०८०/०३/०१ गते संघीय संसद्, राष्ट्रिय सभा दिगो विकास तथा सुशासन समितिबाट प्राप्त निर्देशन अनुसार राष्ट्रिय गौरवका आयोजनाहरूको प्रगति विवरण र मुख्य-मुख्य समस्याहरू पहिचान गर्न सम्बन्धित मन्त्रालयहरूको उपस्थितिमा बैठक बसी प्रगति विवरण तथा समस्या र समाधानका उपायहरूबारे अद्यावधिक विवरण तयार गरिएको ।
- मिति २०८०/०३/०८ गते श्रीमान् मुख्यसचिवज्यूको अध्यक्षतामा बैठक बसी नेपाल निर्माण व्यवसायी महासंघले उठाएका विभिन्न मागहरूका सम्बन्धमा छलफल भएको ।
- मिति २०८०/०३/०८ गते श्रीमान् मुख्यसचिवज्यूको अध्यक्षतामा ढुङ्गा, गिट्टी , बालुवा उत्खनन तथा क्रसर उद्योग व्यवस्थापन सम्बन्धमा बैठक बसी संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट निर्माणमुखी केही सामग्रीको सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०८० असारभित्रै नेपाल सरकार, मन्त्रिपरिषद् बैठकमा पेस गर्नेलगायतका निर्णयहरू भएको ।

- मिति २०८०/०३/२८ गते महालेखापरीक्षकको कार्यालयको लागि भवन व्यवस्थापनसम्बन्धी छलफल र स्थलगत अनुगमन भई पन्ध्र दिनभित्र प्रतिवेदन पेस गर्न पूर्वाधार विकास महाशाखा प्रमुखको संयोजकत्वमा समिति गठन भएको ।
- राष्ट्रिय गौरवका आयोजनाहरूको सामान्य परिचय, प्रगति विवरण र समस्या समाधानका लागि गरिएको पहलसहितको प्रोजेक्ट प्रोफाइल तयार गरिएको ।
- जलविद्युत विकास नीति, २०५८ को अध्ययन विश्लेषण गर्ने कार्यका लागि नीति अनुसन्धान प्रतिष्ठानसँग मिति २०७९/०९/२० गते सम्झौता भएबमोजिम जलविद्युत विकास नीति, २०५८ को अध्ययन विश्लेषण गरी प्रतिष्ठानबाट प्रतिवेदन प्राप्त भएको ।

## कानून तथा फैसला कार्यान्वयन महाशाखा

### ५.२० कानून तथा फैसला कार्यान्वयन शाखा

- यस कार्यालयसमेत विपक्षी भएको मुद्दामा सम्मानित अदालतबाट भएका आदेश (थान ४) कार्यान्वयनका लागि सम्बन्धित मन्त्रालयमा पठाइएको ।
- पाल्पा र गुल्मी जिल्ला अदालतका स्रेस्तेदार र तहसिलदारहरूसँग फैसला कार्यान्वयनको अवस्था र देखिएका चुनौतीबारे छलफल गरिएको।
- आ. व. २०७९/८० को वैशाखदेखि असारसम्म स्वीकृत भएका कानूनी दस्तावेजहरूको विवरणः

| क्र. सं. | विवरण | नयाँ/संशोधन स्वीकृत मिति |
|---|---|---|
| १. | सजायमा छुट मागदावी सम्बन्धी निर्देशिका | मिति २०८०/०१/२८ मा नेपाल राजपत्रमा प्रकाशन भएको। |
| २. | राष्ट्रिय सतर्कता केन्द्र सञ्चालन सम्बन्धी विधेयक तर्जुमा गर्न सैद्धान्तिक स्वीकृति दिने सम्बन्धमा। | नेपाल सरकार, मन्त्रिपरिषद्बाट मिति २०८०/०१/०५ गते सैद्धान्तिक स्वीकृत दिइएको। |
| ३. | नेपाल इन्जिनियरिङ परिषद् (तेस्रो संशोधन) नियमावली, २०७९ | नेपाल सरकार, मन्त्रिपरिषद्बाट मिति २०८०/०२/०२ गते स्वीकृत भएको। |
| ४. | विद्युतीय व्यापारको सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७९ | नेपाल सरकार, मन्त्रिपरिषद्बाट मिति २०८०/०२/२४ गते स्वीकृत भएको। |
| ५. | श्रम अदालत नियमावली, २०८० | नेपाल सरकार, मन्त्रिपरिषद्बाट मिति २०८०/०२/२९ गते स्वीकृत भएको। |
| ६. | सवारी तथा यातायात व्यवस्था (नवौं संशोधन) नियमावली, २०७९ | नेपाल सरकार, मन्त्रिपरिषद्बाट मिति २०८०/०३/१२ गते स्वीकृत भएको। |
| ७. | नेपाल वन सेवा (गठन, समूह तथा श्रेणी विभाजन र नियुक्ति) (दोस्रो संशोधन) नियमहरू, २०८० | नेपाल सरकार मन्त्रिपरिषद्बाट स्वीकृत हुन बाँकी रहेको। |

**अन्य कार्यहरूः**

| क्र.सं. | विवरण | प्रगतिको अवस्था |
|---|---|---|
| १. | लिखित जवाफ/पुनरावेदन/प्रतिउत्तर पत्र सम्बन्धी | सम्माननीय प्रधानमन्त्री, नेपाल सरकार, मन्त्रिपरिषद्, संवैधानिक परिषद्, नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय समेतलाई विपक्षी बनाई सर्वोच्च अदालत, उच्च अदालत तथा जिल्ला अदालतहरूबाट म्याद प्राप्त हुन आएका ११६ थान मुद्दाहरूको लिखित जवाफ, पुनरावेदन पत्र तथा प्रतिउत्तर पत्र तयार गरी सम्बन्धित अदालतमा पठाइएको। |
| २. | फैसला कार्यान्वयन सम्बन्धी समन्वयात्मक काम | • फैसला कार्यान्वयन सम्बन्धी विभिन्न मन्त्रालयहरूसँग समन्वय गरी कार्यान्वयनको प्रगति माग गरिएको।<br>• सम्मानित सर्वोच्च अदालतबाट मादक पदार्थ विज्ञापन निषेध सम्बन्धी कानूनको कार्यान्वयन सम्बन्धमा प्रतिवेदन तयार गरी पेस गर्न आदेश भएकोमा सरोकारवाला निकायसमेत संलग्न भएको समिति गठन गरी मादक पदार्थको विज्ञापन सामग्री उत्पादन, वितरण तथा प्रचारप्रसार निषेधसम्बन्धी कानूनी व्यवस्थाको कार्यान्वयन सम्बन्धमा मधेश प्रदेश, जनकपुरधाम र लुम्बिनी प्रदेशको मालिका गाउँपालिकामा छलफल कार्यक्रम गरी प्रतिवेदन तयार गरी सम्मानित अदालतसमक्ष पेस गरिएको।<br>• जीवनाशक विषादीको अवशेष परीक्षणको अवस्था तथा आगामी कार्ययोजनासम्बन्धी प्रतिवेदन तयार गरी सम्मानित अदालतसमक्ष पेस गरिएको। |
| ३. | नेपाल सरकार मन्त्रिपरिषद्समक्ष दर्ता भएका पुनरावेदन | • मधेस प्रदेश प्रहरी अस्पताल, सप्तरीमा कार्यरत तत्कालीन प्राविधिक प्रहरी उपरीक्षकले नेपाल सरकार, गृह मन्त्रालयका सचिवले गरेको निर्णयउपर चित्त नबुझाई नेपाल सरकार, मन्त्रिपरिषद्समक्ष पर्न आएको १ थान पुनरावेदनको मस्यौदा तयार गरिएको । |

## मानव अधिकार तथा अन्तर्राष्ट्रिय सन्धि सम्झौता महाशाखा

### ५.२१ मानव अधिकार शाखा

- भ्रष्टाचार विरुद्धको संयुक्त राष्ट्रसङ्घीय महासन्धिको कार्यान्वयन सम्बन्धी राष्ट्रिय रणनीति तथा कार्ययोजना, २०७९ को मस्यौदा परिमार्जन गर्ने कार्य भैरहेको ।

- राष्ट्रिय मानव अधिकार आयोगबाट प्राप्त हुन आएका ३२ वटा सिफारिशहरु कार्यान्वयनको लागि सम्बन्धित मन्त्रालय तथा निकायमा पठाइएको ।

## ५.२२ इन्जिनियरिङ क्लस्टर

- सहसचिव श्री लोकनाथ पौडयालले मिति २०८०/०३/१५ गते स्वास्थ्य पूर्वाधार क्षेत्रसम्बन्धी योजनाहरू समयमा सम्पन्न हुन नसक्नुका कारणहरू पहिचान गरी श्रीमान् सचिवज्यूसमक्ष प्रतिवेदन पेस गर्नुभएको ।

## ६. प्रवक्ता र सूचना अधिकारीको विवरण

यस कार्यालयसँग सम्बन्धित सूचना तथा निर्णयहरूको प्रभावकारी रूपमा सञ्चार तथा व्यवस्थापन गर्नका लागि प्रवक्ता, सहायक प्रवक्ता र सूचना अधिकारीको व्यवस्था गरिएको छ । राजपत्राङ्कित प्रथम श्रेणीका अधिकृतलाई कार्यालयको प्रवक्ता र राजपत्राङ्कित द्वितीय श्रेणीका अधिकृतलाई कार्यालयको सहायक प्रवक्ताको रूपमा जिम्मेवारी तोकिएको छ । कार्यालयसम्बद्ध सूचना माग गर्ने निवेदकहरूलाई सूचना, सञ्चार तथा वैदेशिक समन्वय शाखाबाट सहज रूपमा सूचना उपलब्ध हुने व्यवस्था मिलाइएको छ। सो शाखाको प्रमुखको रूपमा रहने राजपत्राङ्कित द्वितीय श्रेणीका अधिकृतलाई कार्यालयको सूचना अधिकारीको जिम्मेवारी दिने व्यवस्था गरिएको छ । सूचनाको हकसम्बन्धी ऐन, २०६४ ले निर्दिष्ट गरेको ढाँचामा कुनै पनि नेपाली नागरिकले यस कार्यालयमा विधिवत् निवेदन दिई यस शाखामार्फत आफूलाई आवश्यक परेको सूचना कानूनबमोजिम सहज रूपमा प्राप्त गर्न सक्ने व्यवस्था मिलाइएको छ ।

### प्रवक्ताको विवरण

| नाम | : | नारायण प्रसाद भट्ट |
|---|---|---|
| पद | : | सहसचिव |
| महाशाखा | : | प्रशासन |
| फोन नं. | : | ९७७-१-५९७१०६९ |
| इमेलः | : | spokesperson@opmcm.gov.np |



### सहायक प्रवक्ताको विवरण

| नाम | : | सन्तोषप्रसाद दाहाल |
|---|---|---|
| पद | : | उपसचिव |
| शाखा | : | तत्काल समस्या समाधान केन्द्र |
| फोन नं. | : | ९७७-१- ५९७१०२३ |
| इमेलः | : | vice-spokesperson@opmcm.gov.np |



### सूचना अधिकारीको विवरण

| नाम | : | कविता फुयाल |
|---|---|---|
| पद | : | उपसचिव |
| शाखा | : | सूचना, सञ्चार तथा वैदेशिक समन्वय शाखा |
| फोन नं. | : | ९७७-१- ५९७१०१४ |
| इमेल | : | kabita.phuyal@nepal.gov.np |



## ७. ऐन, नियम, विनियम वा निर्देशिकाको सूची

**यस कार्यालयसँग सम्बन्धित ऐन, नियमावली तथा निर्देशिकाहरूको विवरण**

**(क) ऐनहरू**

- सुशासन (व्यवस्थापन तथा सञ्चालन) ऐन, २०६४
- संवैधानिक परिषद् (काम, कर्तव्य, अधिकार र कार्यविधि) सम्बन्धी ऐन, २०६६
- राजस्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) ऐन, २०५२
- लगानी बोर्ड ऐन, २०६८
- तथ्याङ्क ऐन, २०७९

**(ख) नियमावली तथा कार्ययोजनाहरू**

- नेपाल सरकार (कार्य विभाजन) नियमावली, २०७४
- नेपाल सरकार (कार्यसम्पादन) नियमावली), २०६४
- सुशासन (व्यवस्थापन तथा सञ्चालन) नियमावली, २०६५
- प्रधानमन्त्री सहायता कोष नियमावली, २०५९
- नयाँ नेपाल निर्माण कोष (सञ्चालन) नियमावली, २०६८
- संवैधानिक परिषद् (कार्यविधि) नियमावली, २०६८
- नेपाल सरकार सुशासन कार्ययोजना, २०६८

**(ग) निर्देशिकाहरू**

- "हेलो सरकार" कक्ष सञ्चालन निर्देशिका, २०६८
- सरकारी निकायको वेबसाइट निर्माण तथा व्यवस्थापनसम्बन्धी निर्देशिका , २०६८
- सार्वजनिक निकायको बैठक तथा कार्यक्रम सञ्चालन निर्देशिका, २०६९
- नेपाल सरकारका अति विशिष्ट तथा विशिष्ट श्रेणीका पदाधिकारीले गर्ने विदेश भ्रमण, दिवा तथा रात्रिभोज एवं उपहारसम्बन्धी निर्देशिका, २०७२
- सवारी साधन (सञ्चालन तथा मर्मत) सम्बन्धी निर्देशिका, २०७२
- जातीय भेदभाव र छुवाछुत अन्त्य तथा दलित अधिकार प्रवर्धनसम्बन्धी कार्यविधि, २०७३
- वैदेशिक भ्रमण व्यवस्थापन निर्देशिका, २०७५
- सरकारी निकायद्वारा सामाजिक सञ्जाल प्रयोग गर्ने कार्यविधि, २०७५

- प्रदेश तथा स्थानीय तहले विदेशी सरकार, नियोग, प्रतिनिधि र अन्तर्राष्ट्रिय संघसंस्थासँग सम्पर्क गर्दा अवलम्बन गर्नुपर्ने कार्यविधिसम्बन्धी निर्देशिका, २०७६
- कोरोना संक्रमण रोकथाम, नियन्त्रण तथा उपचार कोष सञ्चालन निर्देशिका, २०७६
- नागरिक एप (सञ्चालन तथा व्यवस्थापन) निर्देशिका, २०७८
- इ.पी.सी. माध्यमबाट खरिद गर्ने सम्बन्धी निर्देशिका, २०७८
- हेलो सरकार गुनासो व्यवस्थापन निर्देशिका, २०७८
- सार्वजनिक पदाधिकारीको कार्यसम्पादन करार निर्देशिका, २०७९
- तत्काल समस्या समाधान निर्देशिका, २०७९

## ८. आम्दानी, खर्च तथा आर्थिक कारोबारसम्बन्धी अद्यावधिक विवरण

**तालिका १**

| आ.व.२०७९/८० को चौथो त्रैमासिक खर्च तथा वार्षिक वित्तीय प्रगति विवरण | | | | | |
|---|---|---|---|---|---|
| **सि.नं.** | **ब.उ.शी.नं.** | **वार्षिक वजेट** | **चौथो त्रैमासिक खर्च** | | **कैफियत** |
| | | | **खर्च** | **वित्तीय प्रगति** | |
| **चालु** | ३०१०००१२३ | ११७७७९०९१.०० | ६२२१७५०५.२४ | ५२.८३ | |
| | ३०१०००११३ | १९१९९०००.०० | १३२९०१८६.०० | ६९.२२ | |
| **जम्मा** | | **१३६९७८०९१.००** | **७५५०७६९१.२४** | **५५.१२** | |
| **पुँजीगत** | ३०१०००१२४ | २९३९४८६५.०० | ३७४४८२६३.०० | १२७.४० | |
| **जम्मा** | | **२९३९४८६५.००** | **३७४४८२६३.००** | **१२७.४०** | |

## ९. कार्यालयको वेबसाइट

नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको वेबसाइट निम्नानुसार रहेको छः

| https://www.opmcm.gov.np |
|---|

वेबसाइटमा सम्माननीय प्रधानमन्त्रीज्यू, मन्त्रिपरिषद्, नेपाल सरकारका मुख्यसचिवज्यू लगायत यस कार्यालयसँग सम्बन्धित महत्त्वपूर्ण सूचना तथा जानकारी एवं नीति, नियम र ऐन, कानूनहरू उपलब्ध रहेका छन् ।

## १०. कार्यालयमा परेको सूचना मागसम्बन्धी निवेदन र सूचना उपलब्ध गराइएको विवरण

| सि. नं. | माग गरेको सूचनाको संक्षिप्त व्यहोरा | प्रदान गरिएको सूचनाको संक्षिप्त व्यहोरा |
|---|---|---|
| १. | श्री नरेश श्रेष्ठ, काठमाण्डौंले नेपाल सरकारबाट बालानन्द पौडेलको अध्यक्षतामा गठित गाउँपालिका, नगरपालिका तथा विशेष संरक्षित वा स्वायत्त क्षेत्रको संख्या तथा सिमाना निर्धारण आयोगको प्रतिवेदन माग गर्दै मिति २०८०/१/१२ गते यस कार्यालयमा निवेदन दर्ता गर्नुभएको । | निवेदकले माग गरेको सूचना संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयसँग सम्बन्धित देखिएकोले यस कार्यालयको च.नं ६०६० मिति २०८०/०१/१९ गतेको पत्रबाट उक्त निकायहरूबाटै आवश्यक सूचना प्राप्त गर्न सकिने व्यहोरा जानकारी गराइएको । |
| २. | श्री दीपक राज जोशी, डोटीले मिति २०७९/०५/२६ र २०७९/०५/२९ गतेको मन्त्रिपरिषद् बैठकका निर्णयहरू माग गर्दै मिति २०८०/१/११ गते इमेलमार्फत् निवेदन पठाउनुभएको । | कार्यालयको मन्त्रिपरिषद् बैठक शाखाबाट प्राप्त जानकारीअनुसार उक्त मितिमा मन्त्रिपरिषद्को कुनै बैठक नबसेकोले सोही व्यहोरा जानकारी गराइएको। |
| ३. | श्री सन्तोष थापा, भोजपुरले नेपाल ललितकला प्रज्ञा-प्रतिष्ठानमा पदाधिकारी तथा प्राज्ञ सदस्यहरूको नियुक्तिसम्बन्धी विविध कागजातको प्रतिलिपिलगायतका सूचना माग गर्दै मिति २०८०/१/२४ गते निवेदन दर्ता गर्नुभएको । | यस कार्यालयको च.नं ६३३९ मिति २०८०/०१/२८ को पत्रमार्फत निवेदनमा माग गरिएको सूचनाको विषय संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयसँग सम्बन्धित देखिएकोले सो मन्त्रालयबाटै आवश्यक सूचना प्राप्त गर्न सकिने व्यहोरा जानकारी गराइएको । |
| ४. | श्री सरोज अधिकारी, कास्कीले सरकारी पदाधिकारीहरूलाई गरिने औपचारिक सम्बोधनको विषयमा सूचना माग गर्दै | यस कार्यालयको च.नं ६३७८ मिति २०८०/१/३१ को पत्रबाट माग गरिएको सूचना स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयसँग सम्बन्धित देखिएकोले |

| | | |
|---|---|---|
| | मिति २०८०/१/२९ गते निवेदन दर्ता गर्नुभएको । | निवेदकलाई सूचना उपलब्ध गराउन सो मन्त्रालयलाई निर्देश गरिएको । |
| ५. | श्री नारायणप्रसाद शर्मा, स्याङ्जाले महामहिम राष्ट्रपति रामचन्द्र पौडेलको भारतमा भएको औषधोपचार खर्चसम्बन्धी सूचना माग गर्दै मिति २०८०/१/२९ गते निवेदन दर्ता गर्नुभएको । | च.नं ६३७९ मिति २०८०/०१/३१ को पत्रमार्फत महामहिम राष्ट्रपतिको भारतमा उपचार गराउँदा लागेको खर्च भुक्तानी सम्बन्धमा निवेदन दर्ता भएको मितिसम्म नेपाल सरकार, मन्त्रिपरिषद् बैठकबाट कुनै निर्णय र निकासा भएको व्यहोराको सूचना प्रदान गरिएको । |
| ६. | श्री भेषराज लुइँटेल, काठमाण्डौंले संघीय संसद्को विकास तथा प्रविधि समितिबाट मिति २०७९/०४/१३ (बैठक संख्या १४१) गते भएको निर्णयहरूको कार्यान्वयनसम्बन्धी सूचना माग गर्दै कार्यालयको इमेलमार्फत निवेदन पठाउनुभएको । | यस कार्यालयको च.नं ६३८१ मिति २०८०/०१/३१ को पत्रबाट यस कार्यालयको खानेपानी सहरी विकास तथा सञ्चार शाखाबाट प्राप्त जानकारी अनुसार समितिबाट भएको उल्लिखित निर्णय यस कार्यालयलाई प्राप्त भएको नदेखिएको व्यहोरा सूचना प्रदान गरिएको । |
| ७. | श्री खड्गभक्त पौडेल, काठमाडौंले यस कार्यालयको च.नं प्र.नि.स. १/५०६४ मिति २०७९/१२/२२ को पत्र समेतलाई उल्लेख गरी आवश्यक कार्यार्थ पठाइएको कृषि क्षेत्रमा गर्नुपर्ने सुधारसम्बन्धी विषय थन्क्याइएको गुनासो गर्दै सोही विषयमा मिति २०८०/०१/३१ गते पुनः निवेदन दर्ता गर्नुभएको । | यस कार्यालयको च.नं ६५११ मिति २०८०/०२/०३ को पत्रबाट उक्त निवेदनमा उल्लिखित १९ वटा विषयहरूमा बुँदागत सूचना उपलब्ध गराउने प्रयोजनार्थ कृषि तथा पशुपन्छी विकास मन्त्रालयमा पत्राचार गरिएको । साथै, उर्जा सिँचाइ तथा जलस्रोत मन्त्रालयसँग सम्बन्धित विषयमा च.नं. ६९२२ मिति २०८०/०२/०९ गतेको पत्रबाट सम्बन्धित मन्त्रालयमा समन्वय गरी निवेदकलाई बोधार्थ दिइएको । |
| ८. | श्री असलम भाट, बाँकेले माओवादी लडाकुहरूलाई वितरण गरिएको रकमका विषयमा सूचना माग गर्दै मिति २०८०/१/३१ गते निवेदन दर्ता गर्नुभएको । | निवेदकले माग गरेको सूचना गृह मन्त्रालयसँग सम्बन्धित देखिएकोले कार्यालयको च.नं ६५२८ मिति २०८०/०२/०४ गतेको पत्रबाट उक्त निकायहरूबाटै आवश्यक सूचना प्राप्त गर्न सकिने व्यहोरा जानकारी गराइएको । |
| ९. | श्री विमलप्रसाद पोखरेल, प्यूठानले महामहिम राष्ट्रपति रामचन्द्र पौडेलको औषधोपचार खर्चसम्बन्धी सूचना माग गर्दै | यस कार्यालयको च.नं ६९२० मिति २०८०/०२/०९ को पत्रमार्फत महामहिम राष्ट्रपतिको भारतमा उपचार गराउँदा लागेको खर्च |

| | | |
|---|---|---|
| | मिति २०८०/२/५ गते निवेदन दर्ता गर्नुभएको । | भुक्तानी सम्बन्धमा नेपाल सरकार, मन्त्रिपरिषद् बैठकबाट निवेदन दर्ता भएको मितिसम्म कुनै निर्णय र निकासा नभएको व्यहोराको सूचना प्रदान गरिएको । |
| १०. | श्री दीपक राज जोशी, डोटीले महामहिम राष्ट्रपति रामचन्द्र पौडेलको औषधोपचार खर्चसम्बन्धी सूचना माग गर्दै मिति २०८०/१/२० गते निवेदन दर्ता गर्नुभएको । | च.नं ६९२८ मिति २०८०/०२/१० को पत्रमार्फत् महामहिम राष्ट्रपतिको भारतमा उपचार गराउँदा लागेको खर्च भुक्तानी सम्बन्धमा नेपाल सरकार, मन्त्रिपरिषद्बाट निवेदन दर्ता भएको मितिसम्म कुनै निर्णय र निकासा नभएको व्यहोराको सूचना प्रदान गरिएको । |
| ११. | श्री डाकमान राई, अनलाइनपाना डटकमले हालसम्मका राष्ट्रपतिहरूलाई दिइएको आर्थिक सहायता तथा उपचार खर्चको विवरण माग गर्दै २०८०/१/१८ गते निवेदन दर्ता गर्नुभएको । | यस कार्यालयको मन्त्रिपरिषद् बैठक शाखाबाट प्राप्त जानकारीअनुसार च.नं ६९७९ मिति २०८०/२/१४ को पत्रबाट पूर्वराष्ट्रपति डा. रामवरण यादवको हकमा विभिन्न मितिमा भएका निर्णय तथा निकासा पठाइएका मन्त्रालयको विवरण उल्लेख गरी वास्तविक रकम सो मन्त्रालयबाटै यकिन गर्न सकिने व्यहोराको सूचना उपलब्ध गराउनुका साथै पूर्वराष्ट्रपति विद्यादेवी भण्डारीलाई राष्ट्रपति पदमा बहाल रहँदाको अवधिमा र वर्तमान सम्मानीय राष्ट्रपति रामचन्द्र पौडेललाई आर्थिक सहायता तथा उपचार खर्च उपलब्ध गराउने विषयमा निवेदन दर्ता भएको मितिसम्म कुनै निर्णय नभएको व्यहोराको सूचना प्रदान गरिएको । |
| १२ | श्री डाकमान राई, अनलाइनपाना डटकमले प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय (संघीय सरकारका अन्य मन्त्रालयलगायत) सँग सम्बन्धित प्रयोगमा नआएका सम्पूर्ण सरकारी यातायातका साधनहरूको विवरण माग गर्दै २०८०/१/१८ गते निवेदन दर्ता गर्नुभएको । | निवेदनमा उल्लिखित बुँदा नं. १, २, ३ को सम्बन्धमा प्रयोगमा नआएका सवारी साधनको विवरण, ती साधनहरूको खरिद मितिलगायतका सम्पूर्ण विवरण सम्बन्धित निकायसँग नै रहने साथै यस कार्यालयमा सो सम्बन्धमा एकीकृत विवरण नरहने भएकोले सम्बन्धित निकायमै माग गरी सूचना प्राप्त गर्न सकिने व्यहोरा जानकारी गराइएको । यस कार्यालयमा रहेको तर प्रयोगमा नआएको यातायातका साधनको विवरण सम्बन्धमा सूचना उपलब्ध गराइएको । |

| | | |
|---|---|---|
| १३. | श्री सम्पूर्ण बस्नेत, काठमाण्डौंले आ.व. २०८०/८१ को बजेट वक्तव्यसँग सम्बन्धित संसदीय क्षेत्र पूर्वाधार विकास कार्यक्रमको रकम विनियोजनको आधार र लेखाङ्कनसम्बन्धी सूचना माग गर्दै मिति २०८०/०२/१७ गते निवेदन दर्ता गर्नुभएको । | यस कार्यालयको च.नं ७१०८ मिति २०८०/०२/१८ गतेको पत्रबाट निवेदन सम्बन्धमा माग गरिएको सूचना अर्थ मन्त्रालयसँग सम्बन्धित देखिएकोले सो मन्त्रालयबाटै आवश्यक सूचना प्राप्त गर्न सकिने व्यहोरा जानकारी गराइएको । |
| १४. | श्री शारदा कडायत बोहरा, अछामले आफू उक्त घटनाको पीडित भएको र कानूनी प्रयोजनको लागि आवश्यक परेको भनी श्री रेशम लाल चौधरीलाई आममाफी दिने विषयसँग सम्बन्धित सूचना माग गर्दै मिति २०८०/०२/१४ गते निवेदन दर्ता गर्नुभएको । | यस कार्यालयको च.नं ७१२७ मिति २०८०/०२/१९ को पत्रबाट उक्त निवेदनलाई सूचना उपलब्ध गराउन गृह मन्त्रालयमा पत्राचार गरिएको । |
| १५. | श्री भेषराज लुइँटेल, काठमाण्डौंले पशुपतिनाथ मन्दिरमा जलहरी स्थापनासँग सम्बन्धित विभिन्न सूचना माग गर्दै मिति २०८०/०२/२५ मा निवेदन दर्ता गर्नुभएको । | यस कार्यालयको च.नं ७२५५ मिति २०८०/०२/२५ गतेको पत्रबाट निवेदनमा माग गरिएको सूचना संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयसँग सम्बन्धित देखिएकोले सो मन्त्रालयबाटै आवश्यक सूचना प्राप्त गर्न सकिने व्यहोरा जानकारी गराइएको । |
| १६. | श्री सुरेन्द्र थापा, काठमाण्डौंले मिति २०८०/०१/०७ गते सूचना माग गर्दै निवेदन दर्ता (द.नं ७१०६) गर्नुभएको। | उक्त निवेदन भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयसँग सम्बन्धित देखिएकोले निवेदकलाई आवश्यक सूचना उपलब्ध गराउने प्रयोजनार्थ सम्बन्धित निकायमा पठाइएको । |
| १७. | श्री अजय अनुरागी र सुशील पन्थ, लोकान्तर डट कम, ललितपुरले सम्माननीय प्रधानमन्त्रीसहितको टोलीले भारत भ्रमण गर्दा गर्नुभएको खर्च विवरणसम्बन्धी सूचना माग गर्दै मिति २०८०/०२/२५ गते निवेदन दर्ता गर्नुभएको । | यस कार्यालयको लेखा शाखाबाट सम्माननीय प्रधानमन्त्रीसहितको टोलीले भारत भमण गर्दाको कुनै पनि खर्चको भुक्तानी यस कार्यालयबाट नभएको व्यहोरा लेखी आएको हुँदा च.नं ७३२५ मिति २०८०/०२/२८ को पत्रबाट सोही व्यहोराको सूचना प्रदान गरिएको । |

| | | |
|---|---|---|
| १८. | श्री पुण्यप्रसाद खतिवडा, काठमाडौंलगायत पाँच जना निवेदकहरूले खानीजन्य वा नदीजन्य प्राकृतिक स्रोतको दोहन गरी ढुङ्गा, गिट्टीबालुवा आदि निकासी गर्ने सम्बन्धमा अद्यावधिक कानूनबारे सूचना माग गर्दै मिति २०८०/०२/३० गते निवेदन दर्ता गर्नुभएको । | यस कार्यालयको च.नं ७४५० मिति २०८०/०२/३१ गतेको पत्रबाट निवेदनमा माग गरिएको सूचना उपलब्ध गराउन संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमा लेखी निवेदकहरूलाई बोधार्थ दिइएको । |
| १९. | श्री एस. के. तिमिल्सिना, काठमाडौंले २०४७/१०/११ गते नागरिकतासँग सम्बन्धित मन्त्रिपरिषद्को निर्णय माग गर्दै मिति २०८०/०२/३० गते निवेदन दर्ता गर्नुभएको । | यस कार्यालयको च.नं ७६१४ मिति २०८०/०३/०५ गतेको पत्रबाट निवेदनमा माग गरिएको सूचना उपलब्ध गराउन गृह मन्त्रालयमा लेखी निवेदकहरूलाई बोधार्थ दिइएको । |
| २०. | निज एस.के तिमिल्सिनाले मिति २०८०/०३/१० मा सो सूचना यस कार्यालयबाटै पाउनुपर्ने भनी कार्यालयप्रमुख समक्ष पुनरावेदन निवेदन दर्ता गर्नुभएको । | यस कार्यालयको च.नं ८०४१ मिति २०८०/०३/२४ को पत्रबाट उक्त सूचना सम्बन्धित मन्त्रालयबाट नै प्राप्त गर्न सकिने व्यहोराको सूचना प्रदान गरिएको । |
| २१. | श्री नारायण प्रसाद शर्मा, स्याङ्जाले भृकुटी कागज कारखानाको निजीकरणसँग सम्बन्धित कागजातहरू माग गर्दै मिति २०८०/०२/२८ गते यस कार्यालयमा निवेदन दर्ता गर्नुभएको । | यस कार्यालयको च.नं ७६६० मिति २०८०/०३/०७ गतेको पत्रबाट निवेदनमा माग गरिएको सूचना उपलब्ध गराउन अर्थ मन्त्रालयमा लेखिएकोमा अर्थ मन्त्रालयको च.नं ३६१ मिति २०८०/०३/१९ गतेको पत्रबाट सूचना उपलब्ध गराइसकिएको जानकारी प्राप्त भएको । |
| २२ | श्री धसर ऐडी, डोल्पाले कर्मचारी पुनर्बहालीसम्बन्धी मिति २०६३/२/११ गतेको मन्त्रिपरिषद् बैठकको निर्णयसम्बन्धी सूचना माग गर्दै २०८०/०३/०५ गते निवेदन दर्ता गर्नुभएको । | निवेदकले माग गरेबमोजिमको सूचना प्रदान गरिएको । |
| २३ | श्री पदम बहादुर श्रेष्ठ, काठमाण्डौंले वातावरण संरक्षण तथा जलवायु परिवर्तन व्यवस्थापन राष्ट्रिय परिषद्को बैठक | यस कार्यालयको च.नं ७७२९ मिति २०८०/०३/१० को पत्रबाट निवेदनमा माग गरिएको सूचना वन तथा वातावरण मन्त्रालयसँग |

| | | |
|---|---|---|
| | सञ्चालन र छलफलसँग सम्बन्धित विभिन्न सूचना माग गर्दै मिति २०८०/३/८ गते निवेदन दर्ता गर्नुभएको । | सम्बन्धित देखिएकोले सो मन्त्रालयबाटै आवश्यक सूचना प्राप्त गर्न सकिने व्यहोरा जानकारी गराइएको । |
| २४ | श्री खगेन्द्र फुयाँल, काठमाण्डौंले सम्माननीय प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'को भारत भ्रमणमा नेपाल र भारतबीच भएका सम्झौता तथा सर्तहरूसम्बन्धी सूचना माग गर्दै मिति २०८०/०३/०६ मा निवेदन दर्ता गर्नुभएको । | यस कार्यालयको च.नं ७७३० मिति २०८०/०३/१० को पत्रबाट निवेदनमा उल्लिखित बुँदा नं. १ सँग सम्बन्धित सूचना कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयसँग सम्बन्धित देखिएकोले सोही मन्त्रालयबाटै आवश्यक सूचना लिन सकिने र बुँदा नं. २ को सूचनाको सम्बन्धमा यस कार्यालयको आर्थिक प्रशासन शाखाबाट प्राप्त जानकारीअनुसार सम्माननीय प्रधानमन्त्रीसहितको टोलीले भारत भ्रमण गर्दाको कुनै पनि खर्चको भुक्तानी यस कार्यालयबाट नभएको एवं उक्त भ्रमणमा सरकारी सुविधामा सहभागी व्यक्तिहरू तथा उनीहरूको भत्ताका सन्दर्भमा भने परराष्ट्र मन्त्रालयबाट आवश्यक सूचना प्राप्त गर्न सकिने व्यहोराको सूचना प्रदान गरिएको । |
| २५ | श्री अजय अनुरागी, लोकान्तर डट्कम, ललितपुरले सम्माननीय प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड' लगायत वर्तमान सरकारमा सम्मिलित मन्त्रिपरिषद्का सदस्यहरूको सम्पत्ति विवरणसँग सम्बन्धित भएर सूचना माग गर्दै मिति २०८०/०३/२० मा निवेदन दर्ता गर्नुभएको । | यस कार्यालयको च.नं ७९९२ मिति २०८०/०३/२१ को पत्रबाट बुँदा नं. १ सँग सम्बन्धित विषयमा यस कार्यालयको मन्त्रिपरिषद् बैठक शाखाबाट प्राप्त सूचना तथा जानकारीअनुसार वर्तमान सरकारको मन्त्रिपरिषद्का सबै सदस्यहरूले कानूनबमोजिम नै सम्पत्ति विवरण बुझाइसकेको सूचना प्रदान गरिएको ।<br>बुँदा नं. २ को सन्दर्भमा नेपाल सरकारका मन्त्रीहरूले प्रचलित कानूनबमोजिम पेस गरेको सम्पत्ति विवरण नेपाल सरकार, मन्त्रिपरिषद्बाट सार्वजनिक गर्ने निर्णय भएपश्चात् निजहरूले पेस गरेको सम्पत्ति विवरण सार्वजनिक गरी पुनः खामबन्दी गरी राख्ने गरिएको । अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा ३१ क. को उपदफा (३) तथा भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ५० को उपदफा (४) बमोजिम सम्पत्ति विवरण गोप्य राख्नुपर्ने तर प्रचलित कानूनी व्यवस्थाअनुसार अनुसन्धान र तहकिकातको |

| | | |
|---|---|---|
| | | सिलसिलामा सम्पत्ति विवरण माग हुन आएमा त्यस्तो विवरण सम्बन्धित अधिकारीलाई मात्र उपलब्ध गराउन सकिने कानूनी व्यवस्था रहेको भनी सम्बन्धित शाखाबाट लेखी आएको हुँदा सोही सूचना प्रदान गरिएको । |
| २६ | श्री पुण्यप्रसाद खतिवडा र दीपक विक्रम मिश्र काठमाडौंले उखु किसानहरूको समस्यालाई सम्बोधन गरी समस्यालाई निकास दिने सम्बन्धमा भैरहेको कार्यलगायतका सातवटा बुँदाहरूमा सूचना माग गरी मिति २०८०/०२/१४ गते निवेदन दर्ता गर्नुभएको । | यस कार्यालयको च.नं. ७३२० मिति २०८०/०२/२८ गतेको पत्रबाट उखु उत्पादक कृषकले चिनी उद्योगले राखेको बक्यौता रकमको भुक्तानी नपाएको भनी गर्दै आएको आन्दोलनका सम्बन्धमा आन्दोलनरत पक्षसँग तत्काल वार्ता गरी समस्याको समाधान गर्न र किसानले उखुको अनुदान रकम लिने प्रक्रियाको सरलीकरण तथा उखुलाई उधारो बाली हुनबाट रोक्नेलगायतका विषयमा १५ दिनभित्र सुझावसहितको प्रतिवेदन पेस गर्न नेपाल सरकार (मन्त्रिपरिषद्) को मिति २०८०/०२/१५ को निर्णयानुसार कृषि तथा पशुपन्छी विकास मन्त्रालयका सचिवज्यूको संयोजकत्वमा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, अर्थ मन्त्रालय, गृह मन्त्रालय र उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालयका सहसचिवहरू सदस्य रहने गरी समिति गठन भै हाल सो समितिले उखु किसानको ठोस समस्या पहिचानको लागि काम गरिरहेको सूचना उपलब्ध गराइएको । यस विषयमा अन्य सूचना कृषि तथा पशुपन्छी विकास मन्त्रालय र उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालयबाट प्राप्त गर्न सकिने व्यहोरा जानकारी गराइएको । |
| २७ | श्री राम हरि नेपाल, सिन्धुपाल्चोकले सर्वोच्च अदालतमा प्रधानन्यायाधीश नियुक्ति हुन नसक्नुको कारण तथा संवैधानिक परिषद्को दायित्वलगायतका विषयमा सूचना माग गर्दै मिति २०८०/०१/०४ मा निवेदन दर्ता गर्नुभएको । | यस कार्यालयको च.नं. ५९१५ मिति २०८०/०१/१३ को पत्रबाट प्रधानन्यायाधीशको नियुक्तिको सिफारिस संवैधानिक परिषद्को बैठकले गर्ने संवैधानिक व्यवस्था रहेको र सो प्रक्रिया अघि बढाउन मिति २०८०/०१/०६ गते संवैधानिक परिषद्को बैठक बसेको व्यहोराको सूचना प्रदान गरिएको । |

| | | |
|---|---|---|
| २८ | श्री शुभेक्षा जोशी, खसडछाान्ना र श्री कुसुम क्षेत्री, धादिङले फौजदारी मुद्दा वा नेपाल सरकार वादी हुने फौजदारी मुद्दाको कसुरका सम्बन्धमा जानीजानी वा पूर्वाग्रह पीडित भै गलत अनुसन्धान वा अनुचित अभियोजनका कारण आरोपित व्यक्ति थुनामा बस्नुपर्ने अवस्थामा राज्यद्वारा न्यायोचित क्षतिपूर्तिको व्यवस्थासहितको कानून निर्माणको सम्बन्धमा सूचना माग गर्दै मिति २०८०/०२/२६ गते निवेदन दर्ता गर्नुभएको । | यस कार्यालयको च.नं ७४६० मिति २०८०/०२/३१ गतेको पत्रबाट यस कार्यालयको फैसला कार्यान्वयन शाखाबाट प्राप्त जानकारीबमोजिम फैसला कार्यान्वयन निर्देशनालयको च.नं ४७९ मिति २०७८/३/९ को पत्रानुसार निवेदक अमृत प्रसाद श्रेष्ठ समेत विपक्षी प्रधानमन्त्री तथा मन्त्रिपरिद्को कार्यालय समेत भएको संवत् २०६९ सालको रिट नं. ००७६ सर्वोच्च अदालतबाट मिति २०७२/१०/०७ मा भएको आदेश कार्यान्वयन गरी पाउँ भन्ने निवेदन सम्बन्धमा मुलुकी फैजदारी संहिता, २०७४ को दफा २०० मा बदनियतपूर्वक थुनछेक गर्न नहुनेः (१) कसैले कुनै व्यक्तिलाई कानूनबमोजिम बाहेक बदनियतपूर्वक अन्य कुनै किसिमले थुनामा राख्न वा राख्न लगाउनु हुँदैन । (घ) उपदफा (१) बमोजिमको कसुर गर्ने व्यक्तिलाई तीन वर्षसम्म कैद र तीस हजार रूपैयाँसम्म जरिवाना हुनेछ, भनी उल्लेख भएको देखिन्छ । साथै, मुलुकी फौजदारी संहिता, २०७४ मा भएका उल्लिखित व्यवस्थाहरूले मिति २०६५/०१/०४ गतेको सर्वोच्च अदालतको आदेशको व्यहोरा सम्बोधन गरेकोले उक्त निर्देशनालयको मिति २०७९/२/२३ को निर्णयानुसार यस विषयको लगत कट्टा समेत भएको व्यहोराको सूचना प्रदान गरिएको । |
| २९ | श्री सुरेन्द्र थापा, काठमाडौंले नेपाल सरकारद्वारा प्रकाशित नेपाल राजपत्र खण्ड ६४, संख्या ४०, फागुन १८, २०७२ (भाग ५) सम्बन्धी मन्त्रिपरिषद्को निर्णयको जानकारी माग गर्दै मिति २०८०/०२/२१ मा निवेदन दर्ता गर्नुभएको । | उक्त निर्णयको प्रस्ताव स्वीकृतिको लागि भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयबाट पेस भएको र निर्णयपश्चात् पनि कार्यान्वयनको लागि उक्त प्रस्ताव सम्बन्धित मन्त्रालयमै पठाइएको जानकारी यस कार्यालयको मन्त्रिपरिषद् बैठक शाखाबाट प्राप्त भएको हुँदा उक्त सूचना सो मन्त्रालयबाटै प्राप्त गर्न सकिने भनी च.नं ७६३९ मिति २०८०/०३/०६ गतेको पत्रबाट जानकारी गराइएको । |